सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ जेठ २०८२, बिहीबार (12 June 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ६० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

गृहमन्त्रीविरुद्ध संसद् र सरकारमा पहिल्यै थियो उजुरी, अख्तियारमा पनि पुगे पीडित



गृहमन्त्री रमेश लेखक

■ अख्तियारले अनुसन्धान अधिकृत नै तोकेर थाल्यो विस्तृत छानबिन

सुवास भट्ट/नयाँ पत्रिका

भिजिट भिसा प्रकरणमा विपक्षी दलहरूले राजीनामा मागेर सदन अवरुद्ध गरिरहेका बेला गृहमन्त्री रमेश लेखकले आफूविरुद्ध कसैको उजुरी नपरेको र मातहतका निकायले छानबिनसमेत नगरेको भन्दै पद नछाड्ने ढिपी कस्दै आएका छन्। प्रधानमन्त्री केपी ओलीदेखि सत्तारूढ दलका नेताहरू पनि मन्त्रालयको कुनै कर्मचारी छानबिनमा तानिएकै आधारमा मन्त्रीले राजीनामा दिनुपर्ने भन्दै लेखकको बचाउमा लागिरहेका छन्। यही जुहारीबिच भिजिट भिसाका नाममा ठगिएका पीडितहरूले गृहमन्त्री लेखकमाथि समेत छानबिनको माग राखेर अख्तियारमा उजुरी दिएका छन्। त्यसो त गृहमन्त्रीलाई निलम्बन गर्नुपर्ने भन्दै प्रधानमन्त्री कार्यालय र


» पृष्ठ २ मा क्रमशः

■ अख्तियारमा गृहमन्त्री लेखकविरुद्ध यस्तो उजुरी-

भिजिट भिसामा ग्रिस लैजाने भन्दै ठगिएका मनोज गुरुङ भन्छन्-

सेटिङबारे अहिले थाहा भयो, गृहमन्त्रीमाथि पनि छानबिन गरेर कारबाही होस्

भिजिट भिसामा ग्रिस लान्छु भनेर मसहित ६-७ जनालाई राजेश बराम (दलाल)ले रकम लिएको थियो। कसैबाट नौ लाख, कसैबाट दश लाखको दरमा उठाएको थियो। हामीले उसलाई नगदै बुझाएका हौं। तर, लामो समयसम्म पनि उसले हामीलाई उडाएन, पैसा पनि फिर्ता दिएको छैन। हामी पीडित छौं। भिजिट भिसाका नाममा सेटिङमै यति ठुलो धन्दा हुने रहेछ भन्ने अहिले आएर थाहा पाएका छौं। अध्यागमन र गृह मन्त्रालयसम्मै सेटिङ रहेछ। हामीले त बरामलाई नै एकमुस्ट पैसा बुझाएका थियौं। कताकता मिलाउने, उसैले मिलायो होला। यसमाथि छानबिन होस्। गृहमन्त्रीसम्मै छानबिन गरेर दोषीमाथि कारबाही होस्। हामीजस्तै धेरै मानिस भिजिट भिसामा ठगिएका छौं। सबै पीडितलाई न्याय दिलाइयोस्।



■ संसद् र प्रधानमन्त्री कार्यालयमा यसअघि नै परेको थियो उजुरी

भिजिट भिसाको आवरणमा भएको मानव तस्करी र ठगीमा तानिएका गृहमन्त्री रमेश लेखकलाई निलम्बित गर्न माग गर्दै राज्यका दुई प्रमुख अंग संसद् र प्रधानमन्त्री कार्यालयमा उजुरी परेका थिए। युवराज पौडेल सफलले ९ जेठमा प्रधानमन्त्री कार्यालयमा र १२ जेठमा संसद् सचिवालयमा उजुरी दर्ता गराएका थिए। प्रधानमन्त्री कार्यालयमा दिइएको उजुरीमा भनिएको छ, '...तत्काल गृहमन्त्री लेखक, गृहसचिव गोकर्णमणि दुवाडीलाई पदबाट निलम्बन गरी प्रचलित कानुनबमोजिम मुद्दा दर्ता गरी पक्राउसमेत गरी हदैसम्मको कारबाही गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु।' त्यस्तै, सभामुख देवराज घिमिरेलाई सम्बोधन गर्दै संसद् सचिवालयमा दिएको उजुरीमा भनिएको छ, '...रमेश लेखकको सम्बन्धमा छानबिन गर्न उच्चस्तरीय छानबिन समिति बनाई उहाँमाथि उठेका विषयवस्तु के-के हुन् वा होइनन् ? सोको सत्यतथ्य जानकारी नेपाली जनतालाई दिनुपर्छ। प्रतिनिधिसभाको सदस्य र गृहमन्त्रीजस्तो पदमा भएको व्यक्तिमाथि त्यस्तो लाञ्छना लाग्नु आफैंमा दुःखको कुरा हो। यस प्रकरणमा निष्पक्ष छानबिन हुनुपर्छ, विनाहस्तक्षेप छानबिन गर्नुपर्छ। दोषी देखिए कानुनबमोजिम हदैसम्म कारबाही हुनुपर्छ र निर्दोष देखिए सफाइ पाउनुपर्छ।' तर, यी दुवै निकायले गृहमन्त्री लेखकमाथि कुनै छानबिन गरेका छैनन्।

■ छानबिनका लागि अख्तियारले सिआइबीलाई गऱ्यो पत्राचार

पीडितहरू मंगलबार टंगालस्थित अख्तियारको गेटमा पुगेर रोइकराइ गरेपछि उजुरी लिइएको थियो। त्यसपछि अख्तियारले थप अनुसन्धानका लागि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई समेत पत्राचार गरेको छ। गृहमन्त्रीले आफूविरुद्ध न उजुरी परेको न आफूमातहतका निकायले छानबिन गरिरहेको भन्दै राजीनामा दिनुपर्ने कुनै कारण नरहेको दाबी गरेर उम्किँदै आएका छन्। नेपाल प्रहरी गृह मन्त्रालयमातहतको निकाय हो। यसअघि पनि भिजिट भिसा प्रकरणमा सिआइबीले छुट्टै अनुसन्धान गर्दै आएको थियो।

■ तर, सरकारका प्रवक्ता भन्छन्- एउटा कर्मचारीमाथि छानबिन हुँदा मन्त्रीले राजीनामा दिने हो भने सरकार नै चल्दैन



भिजिट भिसामा ठगिएका पीडतहरूले नै गृहमन्त्री रमेश लेखकमाथि पनि प्रश्न उठाएर छानबिनको माग गर्दै अख्तियारमा उजुरी दिइसक्दासमेत सरकारका प्रवक्ता सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले लेखकको बचाउ गरेका छन्। मन्त्रालयअन्तर्गतको एक कर्मचारीमाथि छानबिन हुँदा गृहमन्त्रीले नै राजीनामा दिने हो भने सरकार नै नचल्ने भन्दै राजीनामा नआउने अडान दोहोऱ्याएका छन्। 'विषय जे उठिरहेको छ। मैले त सुरुमै भनेको थिएँ, अख्तियारले एउटा कर्मचारीमाथि छानबिन सुरु गरेको हो। गृह मन्त्रालयअन्तर्गतको एउटा कर्मचारीमाथि छानबिन हुँदा मन्त्रीले नै राजीनामा दिने हो भने सरकार नै चल्दैन, त्यसकारण गृहमन्त्रीको राजीनामा आउँदैन,' मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनले भने।

प्रेसमाथि सत्ताको दमन र न्यायालयबाट पनि 'आघात'

अदालतको कदम संविधानविपरीत र प्रेस काउन्सिलको अधिकार क्षेत्रमाथि हस्तक्षेप भएको भन्दै पत्रकारका पेसागत संगठनहरूको आपत्ति



■ सञ्चारसम्बद्ध संस्थाका प्रतिनिधिको एकै स्वरमा विरोध



● **रामप्रसाद दाहाल**
महासचिव, नेपाल पत्रकार महासंघ

दुवै घटना अभिव्यक्ति स्वतन्त्रता र संविधानको मर्मविपरीत छन्। पाठकलाई आवश्यक सबै सहयोग महासंघले गर्छ। अदालतको सन्दर्भमा कानुनी उपचार खोज्छौं।



● **गणेश पाण्डे**
अध्यक्ष, प्रेस चौतारी

पक्राउ पुर्जी जारी गर्नु वा समाचार हटाउने आदेश दिनुजस्ता कार्यहरू पहिलो दृष्टिमा नै असंगत र बदनियतपूर्ण छन्। यी कार्य लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्मसँग विसंगत छन्।



● **दिलीप पौडेल**
महासचिव, प्रेस युनियन

एकातर्फ पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। अर्कोतर्फ मिडियामा आएको समाचार हटाउन अदालतले आदेश गरेको छ। दुवै घटना प्रेस र अभिव्यक्ति स्वतन्त्रता मात्र नभई संविधानको मर्मविपरीत छन्।



● **कमल गिरी**
अध्यक्ष, प्रेस सेन्टर

प्रेस स्वतन्त्रता, लोकतन्त्र र संविधानमाथिको प्रहार भएको छ। प्रेस सेन्टर नेपाल यसप्रकारका कार्यको घोर निन्दा गर्दछ।

■ **नेपालखबर र बिजमाण्डूले सम्पादकीय टिप्पणीमार्फत संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध अदालतको निर्णय आएको भन्दै आपत्ति जनाएका छन्। पत्रकार दिलभूषण पाठकले सरकारले बलपूर्वक दमन गर्न खोजेको टिप्पणी गरेका छन्।**

टेकराज थामी/नयाँ पत्रिका

दुई अनलाइन सञ्चारमाध्यममार्फत प्रकाशित समाचार हटाउने आदेश र पत्रकारविरुद्ध पक्राउ पुर्जी जारी अनुमति दिने काठमाडौं जिल्ला अदालतको निर्णयले प्रेस स्वतन्त्रता गम्भीर रूपले प्रभावित हुने भन्दै सञ्चारसम्बद्ध संघसंस्था, कानुन व्यवसायी र राजनीतिज्ञले गहिरो चिन्ता व्यक्त गरेका छन्। संविधानको मर्मविपरीत र नियमनकारी निकाय प्रेस काउन्सिलको अधिकार क्षेत्र

» पृष्ठ २ मा क्रमशः

■ के भन्छन् कानुनका जानकार ?



अर्याल नेपाल

पत्रकारविरुद्ध पक्राउ पुर्जीको अनुमति र समाचार हटाउन अदालतले गरेको आदेश संविधानको मर्मविपरीत रहेको कानुनका जानकारको टिप्पणी छ। अधिवक्ता ओमप्रकाश अर्यालले पनि समाचार हटाउन दिएको आदेश र पत्रकार पक्राउ गर्न जारी भएको पुर्जी संविधानको मर्मविपरीत रहेको बताए। 'दुवै घटना हेर्दा पत्रकारको स्वतन्त्रतालाई नियन्त्रण गर्न खोजेको देखिन्छ। दुवै निकायले सामान्यतः गर्न नहुने काम गरेको देखिन्छ,' उनले भने, 'जस्तो समाचार हटाउन दिएको अदालतको आदेश डिसप्रोपसनेट देखियो। अर्थात् अदालतले यो घटनामा एग्रेसिभ्ली रियाक्ट गऱ्यो।' यस्तै, अधिवक्ता स्वागत नेपालले मिडियाको कन्टेन्ट हटाउने सम्बन्धमा आएको अदालतको आदेश निरंकुश रहेको प्रतिक्रिया दिए। 'अदालतले मिडियाको प्रकाशन भएको कन्टेन्ट हटाउन दिएको आदेश निरंकुश छ। कन्टेन्ट हटाउने भनेको प्रमाण नष्ट गर्ने हो। अदालतले यस्तो गर्न मिल्दैन,' उनले भने, 'यो डिफ्याक्टोक्रेसी र ज्युरिटोक्रेसी हो। पत्रकार पाठकसम्बन्धी मुद्दा हेर्ने निकाय प्रेस काउन्सिल हो। समाचारमा चित्त नबुझे त्यहाँ उजुरी गर्नुपर्छ।'

■ राजनीतिक वृत्त पनि बोल्यो



सत्तारूढ दल काङ्ग्रेसका वरिष्ठ नेता शेखर कोइरालाले सञ्चारकर्मी र वाक् स्वतन्त्रतामाथि राज्यको प्रहार सह्य नभएको बताएका छन्। माओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पत्रकार पाठकविरुद्ध जारी भएको पक्राउ पुर्जी प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्य-मान्यताविपरीत रहेको टिप्पणी गरेका छन्। एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले दल, नेता र घटनाविशेषलाई समाचार बनाउने अधिकार पत्रकारलाई संविधानले नै दिएको बताए। रास्वपाका प्रवक्ता मनीष झाले समाचार लेखेकै कारण पत्रकारविरुद्ध पक्राउ पुर्जी जारी हुनु मिडियाप्रतिको प्रहार मात्र नभई शक्तिको दुरुपयोग रहेको बताए।

■ ग्वार्को फ्लाइओभर सञ्चालनको तयारीमा



काठमाडौं चक्रपथअन्तर्गत ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाइओभर। असार पहिलो सातादेखि सवारीसाधन चल्न दिने गरी काम भइरहेको छ। निर्माण अन्तिम चरणमा पुगेकोमा हाल कालोपत्रे गर्ने, बत्तीहरू जडान गर्ने र रङ लगाउने काम भइरहेको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

संसद् निरन्तर अवरुद्ध, खुलाउने प्रयास निरर्थक



२० जेठदेखि बजेटमा छलफल र ५ असारमा पारित गर्ने कार्यसूची, तर गतिरोधले छलफल सुरु नै भएन

(विस्तृत पृष्ठ ३)

३.३७ अर्ब बक्यौता रहेका १३ उद्योगले महसुल पुनरावलोकन गर्न दिए निवेदन

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

त्रिविमा 'गुन्डाराज'लाई सत्ताको साथ

उपकुलपतिको कार्यालय तोडफोडमा संलग्न नेविसंघका नेताद्वय मदन उपाध्याय र पुकार पराजुलीलाई सत्ताले संरक्षण गरेको भन्दै प्राध्यापकहरू आतंकित



मदन उपाध्याय



पुकार पराजुली


■ परीक्षा फारम खुलेपछि पनि भर्ना हुन पाउनुपर्‍यो भन्दै गरेका थिए तोडफोड

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका उपकुलपतिको कार्यालय तोडफोड गर्ने मुख्य आरोपीलाई सत्ताको दबाबमा प्रहरीले संरक्षण गरेपछि पदाधिकारी तथा प्राध्यापकहरू आतंकित बनेका छन्। आरोपीहरू उल्टै प्रहरी कार्यालयमा पुगेर प्रहरीलाई नै धम्क्याउन थालेपछि आतंक झन् बढेको हो।

१४ जेठमा उपकुलपतिको कार्यालय तोडफोडमा कांग्रेसनिकट नेविसंघका नेताहरू शंकरदेव क्याम्पसका मदन उपाध्याय र भक्तपुर बहुमुखी क्याम्पसमा स्ववियु सभापति पुकार पराजुलीको प्रत्यक्ष भूमिका रहेको सिसिटिभी फुटेज सार्वजनिक भइसकेको छ। त्रिवि प्रशासनले उनीहरूसहित तोडफोडमा संलग्न १५ जनालाई कारबाहीको माग गर्दै १८ जेठमा प्रहरीमा निवेदन दिएको थियो।

» पृष्ठ २ मा क्रमशः





त्रिविले स्नातक तह प्रथम वर्षको परीक्षा फारम बन्द गरेको र भर्ना समयसमेत नथपेको विषयमा विद्यार्थी संगठनले आपत्ति जनाएका थिए। त्रिविका प्रवक्ता यमनसिंह बोहराका अनुसार परीक्षा फारम खुलेपछि पनि विद्यार्थीले भर्ना गर्न पाउनुपर्नेलगायत माग राखेका थिए। त्रिविले पछिल्लो समय फारम खुलेपछि भर्ना गर्ने प्रचलन बन्द गरिसकेको छ। तर, यसअघि स्ववियु निर्वाचनका कारण कतिपयको भर्नासमेत छुटेको भन्दै विद्यार्थीले भर्ना समय थप्न दबाब दिएका थिए। तर, गएको माघमै त्रिविले भर्ना कार्यक्रम सकाइसकेको थियो। त्रिवि प्रशासनले नमानेपछि विद्यार्थी तोडफोडमा उत्रिएका हुन्। सो घटनाको सर्वत्र आलोचना भइरहेको छ।

● **खड्ग केसी**
निमित्त उपकुलपति, त्रिवि



घटनामा थुप्रै मानिस संलग्न छन्, तर पक्राउ गरिएन। हामीले त कानुनी राज्यलाई विश्वास गरेर निवेदन दिएका हौं। शान्तिसुरक्षा दिने राज्यको काम हो।

● **अपिलराज बोहरा**
प्रवक्ता, जिल्ला प्रहरी परिसर, काठमाडौं



हामीले दुईजनालाई पक्राउ गरेका छौं, उनीहरूविरुद्ध पाँच दिनको म्याद थप भएको छ। अन्य व्यक्ति पनि पक्राउ पर्छन्, प्रत्यक्ष संलग्नलाई छाड्ने भन्ने हुँदैन।

संवैधानिक नियुक्ति विवादको फैसला १८ असारसम्म धकेलियो



● **अच्युत कुइँकेल**, प्रवक्ता, सर्वोच्च अदालत

अध्यादेशमार्फत भएका नियुक्तिसम्बन्धी १५ वटा मुद्दा छन्। आज श्रीमानूहरू अध्ययनकै क्रममा रहनुभयो। समय नपुगेका कारण ५ बजेपछि अर्को मिति तोकिएको हो। संवैधानिक इजलास बस्ने दिन मिलाएर समय तोकिएको हो।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले संवैधानिक निकायमा अध्यादेशमार्फत गरिएका नियुक्तिको वैधता परीक्षणसम्बन्धी मुद्दाको फैसला १८ असारसम्मका लागि सारेको छ। साढे चार वर्षअघि सिफारिस गरिएका संवैधानिक नियुक्तिहरूबारे संवैधानिक इजलासमा सुनुवाइ सकिएकाले सर्वोच्चले बुधबार फैसला सुनाउने भनिएको थियो। तर, फैसला लेख्न नसकिएको कारण देखाएर १८ असारसम्म धकेलिएको छ। जबकि यसअघि गत १ जेठमा मात्र २८ जेठमा निर्णय सुनाउने मिति तोकिएको थियो।



प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको नेतृत्वमा रहेको संवैधानिक इजलासले यो मुद्दामा फैसला सुनाउनेछ। न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदी सम्मिलित इजलासले यो मुद्दामा सुनुवाइ गरिरहेको थियो। इजलासले यी मुद्दामा गत ३० माघ, २१ फागुन र ६ चैतमा सुनुवाइ गरेको थियो। त्यसपछि ३, ७, ८, ९, १०, २८ र ३० वैशाखमा हेर्दाहेर्दैमा राखी सुनुवाइ सकेको थियो। १ जेठमा अन्तिम सुनुवाइपछि २८ जेठका लागि निसु तोकिए पनि फेरि १८ असारका लागि धकेलिएको छ।

सर्वोच्चका अनुसार बुधबार छलफलकै क्रममा रहेकाले फैसला लेख्न नसकिएकाले निसु सारिएको हो। 'अध्यादेशमार्फत भएका नियुक्तिसम्बन्धी १५ वटा मुद्दा छन्। आज श्रीमानूहरू अध्ययनकै क्रममा रहनुभयो। समय

» पृष्ठ २ मा क्रमशः

संवैधानिक नियुक्ति...

पृष्ठ १ बाट क्रमशः

नपुगेका कारण ५ बजेपछि अर्को मिति तोकिएको हो। संवैधानिक इजलास बस्ने दिन मिलाएर इजलासले नै समय तोकेको हो,' सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले भने। संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा रहेको गणपूरक संख्याको व्यवस्था संशोधन गरी दुईपटक तत्कालीन सरकारले विभिन्न संवैधानिक पदमा ५८ नियुक्ति सिफारिस गरेको थियो। जसमध्ये पाँचजनाले नियुक्ति बुझेका थिएनन्। नियुक्त भएकाको कार्यकाल ६ वर्षको रहने गरेकोमा पाँचौं वर्षमा बल्ल यो मुद्दामा निर्णय आउन लागेको छ।

तत्कालीन प्रधानमन्त्री केपी ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले ती अध्यादेश जारी गरेकी थिइन्। ०७७ मंसिर ३० मा अध्यादेश ल्याई ३८ जनाको नाम सिफारिस गरिएको थियो। यसैगरी ०७८ वैशाख २१ मा पनि यस्तै अध्यादेश ल्याइयो र विभिन्न पदमा २० जनाको नाम सिफारिस गरियो। दुवैपटकका नियुक्तिविरुद्ध परेका रिटहरूमा एकैपटक फैसला आउने भएको छ। तत्कालीन प्रधानमन्त्री ओली, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमल्सिना र प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा सम्मिलित बैठकले यी सिफारिस गरेको थियो। प्रमुख प्रतिपक्षी दलका नेता तथा सभामुख अनुपस्थित थिए। त्यसवेला उपसभामुखको पद रिक्त थियो।

गृहमन्त्रीविरुद्ध संसद्...

पृष्ठ १ बाट क्रमशः

संसद् सचिवालयमा दुई साताअघि नै उजुरी परेको थियो।

युरोपेली मुलुक ग्रिस पठाइदिने भनेर आफूहरूसँग नौदेखि दश लाखसम्म उठाएर ठगी गरेको भन्दै गोरखाका मनोज गुरुङसहित अर्का मनोज गुरुङ र श्रीमान गुरुङले मंगलबार अख्तियारमा उजुरी दिएका हुन्। यस्तो ठगीमा दलाल मात्रै नभई गृहमन्त्रीसम्म नै सेटिङ हुने गरेको विषयमा समाचारहरू आएकाले गृहमन्त्रीमाथि समेत छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्ने उनीहरूको माग छ।

'...राजेश बराम भन्ने व्यक्तिले हामीलगायत अन्य व्यक्तिहरूलाई भिजिट भिसामा अल्बानिया हुँदै ग्रिस लगिदिन्छु भनी आश्वासन दिएर नौदेखि दश लाखसम्म रकम लिएकाले यस्तो गम्भीर विषयमा सामान्य बिचौलियाको मात्र हात नरहेर गृह मन्त्रालयकै संलग्नता भएको भनी पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा खबर आएका कारण गृहमन्त्रीमाथि पनि छानबिन गरी दोषीउपर कारबाही गराइपाऊँ,' उनीहरूले अख्तियारमा गरेको उजुरीमा उल्लेख छ।

पीडित मनोजले दलाल राजेश बराम चिनजानकै व्यक्ति भएको र उसले आफ्नो अध्यागमनदेखि माथिसम्मै सेटिङ भएकाले सजिलै उडाइदिने भनेर पैसा उठाएको बताए। त्यसरी ग्रिस जान पैसा बुझाउने आफ्नो टिममा ६ जना रहेको मनोजको भनाइ छ। एकजनाको दश लाख र दुईजनाको नौ-नौ लाख फसेको उनीहरूको उजुरीमा उल्लेख छ।

'भिजिट भिसामा ग्रिस लान्छु भनेर मसहित ६ जनासँग राजेश बराम (दलाल)ले रकम लिएको थियो। कसैबाट नौ लाख, कसैबाट दश लाखको दरमा उठाएको थियो। हामीले उसलाई बैंकमार्फत नगदै बुझाएका हौँ। तर, लामो समयसम्म पनि उसले हामीलाई उडाएन, पैसा पनि फिर्ता दिएको छैन, हामी पीडित छौँ,' उनले भने, 'भिजिट भिसाका नाममा सेटिङमै यति ठुलो धन्दा हुने रहेछ भन्ने अहिले आएर थाहा पाएका छौँ। अध्यागमन र गृह मन्त्रालयसम्मै सेटिङ रहेछ। हामीले त बरामलाई नै एकमुस्ट पैसा बुझाएका थियौँ। कताकता मिलाउने, उसैले मिलायो होला। यसमाथि छानबिन होस्। गृहमन्त्रीसम्मै छानबिन गरेर दोषीमाथि कारबाही होस्। हामीजस्ता सबै पीडितलाई न्याय दिलाइयोस्।'

दलालले आफूहरूलाई युरोप लैजाने आश्वासन देखाएर सुरुमा सन् २०२३ मा चार-चार लाख लिएको पीडितहरूले बताएका छन्। पहिलोपटक पोल्यान्डका लागि 'अप्लाई' गराए पनि सफल नभएपछि पैसा फिर्ता माग्दा अन्य देश लैजाने आस देखाउँदै थप असुलेको उनीहरूको गुनासो छ।

'युरोपका कुनै देश बाँकी छैन होला, जहाँ दलालले हामीलाई लैजाने भनेर आश्वासन दियो। कहिले कहाँ, कहिले कहाँ लैजाने भन्दै आस देखायो। अल्बानिया हुँदै ग्रिस लैजाने भनेको सबैभन्दा पछिल्लो हो,' मनोजले भने। पीडितहरूका अनुसार ग्रिस उडाउने भनिएको दिन दलाल सम्पर्कविहीन भएका थिए। उडाउनुअघि उसले अध्यागमनदेखि सबैतिर सेटिङ भएकाले मिलाएर छिराउने आश्वासन दिएको उनीहरूले बताए। 'तिमीहरूले केही गर्नुपर्दैन, सबै हाम्रो मान्छे छ भनेको थियो। तर, उड्ने भनेको दिन ऊ आफैँ सम्पर्कविहीन भयो,' अर्का एक पीडितले भने।

पीडितहरू मंगलबार अख्तियारको गेटमा पुगेर रोइकराइ गरेपछि उजुरी लिइएको थियो। त्यसपछि अख्तियारले थप अनुसन्धानका लागि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई समेत पत्राचार गरेको छ। भिजिट भिसा प्रकरणमा सिआइबीले यसअघिदेखि नै अनुसन्धानमा सघाउँदै आएको छ। भिजिट भिसामार्फत मानवतस्करी भएको र त्यसमा नक्कली कागजपत्र बनाइएको घटनाको प्रहरीबाट अनुसन्धान भइरहेको छ। कतिसम्म भने नो अब्जेक्सन लेटर (एनओसी)समेत नक्कली बनाएर अध्यागमनबाट सेटिङ भएको खुलिसकेको छ। पछिल्लो समय प्रहरीमा पनि भिजिट भिसामार्फत हुने मानवतस्करी तथा ठगीका उजुरी बढेका छन्। यसरी सेटिङमा गएकाहरू कुवेतदेखि इराकसम्म पुगेर बेचिएका छन्। उनीहरूको उद्धारका लागि हारगुहार भइरहेको छ।

भिजिट भिसा प्रकरणको विस्तृत छानबिनमा अख्तियार

अहिले अख्तियारले भिजिट भिसा प्रकरणको विस्तृत छानबिन गरिरहेको छ। विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईलाई अख्तियारले नियन्त्रणमा लिएर उनको डिभाइसलगायतमाथि छानबिन गरिरहेको छ। फरेन्सिक रिपोर्टसमेतका आधारमा भट्टराईको 'लिंकेज' पनि अख्तियारले खोजिरहेको छ। उनको सम्बन्ध अध्यागमन विभाग र गृह मन्त्रालयसम्मै रहेको संकेत पाए पनि यसका प्रमाणहरू खोज्ने क्रम जारी रहेको अख्तियार स्रोत बताउँछ। ट्राभल एजेन्सी र एयरलाइन्स कम्पनीमाथि पनि अख्तियारले अनुसन्धान गरिरहेको छ। पछिल्लो समय अध्यागमनमा भिजिट भिसाको असुली बढेको उजुरीका आधारमा अख्तियारले सहसचिव भट्टराईलाई निगरानी गरी रंगेहात पक्राउ गर्ने तयारी गरेको थियो। तर, सूचना चुहिएपछि गृहले गत ७ जेठमा हतारहतार उनको सरुवा गरेको थियो। सोही दिन अख्तियारले उनलाई नियन्त्रणमा लिई मोबाइल र ल्यापटप जफत गरेको थियो। भट्टराईलाई हाजिरी जमानीमा राखेर अनुसन्धान भइरहेको छ। उनका मोबाइलमा भेटिएका प्रमाणमा केन्द्रित भएर अख्तियार अनुसन्धानमा छ। भट्टराईले ग्रिनलाइन होलिडेजका सञ्चालक बालकृष्ण खड्कासँग मिलेर भिजिट भिसाको सेटिङ चलाउँदै आएका थिए। उनको पैसा व्यवस्थापन गर्ने कविता पौडेल र खगेन्द्र सुवेदीमाथि पनि अनुसन्धान भइरहेको छ।

गृहमन्त्री रमेश लेखकको रोजाइका आधारमा भट्टराई गत असोजमा अध्यागमनमा गएका थिए। अध्यागमनमा गएपछि सुरुमा उनले भिजिट भिसामा विदेश जान निकै कडाइ गरी फर्काउने गरेका थिए। पछि रेट बढाएर लाइन खुलाएको उजुरी अख्तियारमा परेको थियो। अध्यागमनमा दिनमा औसत ५० लाखसम्म असुली हुने गरेको अख्तियारको प्रारम्भिक छानबिनले देखाएको छ। त्यो पैसा गृह मन्त्रालयदेखि शक्तिकेन्द्रसम्म पुग्ने गरेको स्रोत बताउँछ।

अध्यागमनमा सेटिङ बढेको विषयमा अख्तियारले लिखित रूपमै गृह मन्त्रालयलाई ध्यानाकर्षण गराउँदा पनि गृह नेतृत्वले चासो नदिएपछि अख्तियारले अन्डरकभर अप्रेसन चलाएर प्रमाण संकलन गरेको थियो।

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२/०२/२९

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०१/११ मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिल बमोजिमको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम न्युनतम मुल्यांङ्कित सारभुतरुपमा प्रभावग्राही भई बोलपत्र मुल्याङ्कन समितिले गरेको निर्णय अनुसार स्वीकृतको लागि प्रकृया अगाडी बढाउनु पर्ने भएकोले ऐनको दफा २७ को उपदफा (२) को प्रयोजनको लागी यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	कामको विवरण	ठेक्का नं	बोलपत्र दाताको नाम र ठेगाना	बोल कबोल रकम	ला.ई. भन्दा कमी वा बढी	कैफियत
१	Construction of Ward Level Health Care Centre at Ward 5 and 8	10/RRM/THN/NCB/WORKS/2081-082	Smart Vision Construction and Suppliers, Tanahun	NRs. 58,46,031.39 (inclusive PS and VAT)	21.87 Percent Lower	

प्रमुख प्रशासकीय अधिकृत


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।


तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४, १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८, ०-०-१८-० र ०-०-५-३ (विगाह) को घरजग्गा ।
२.	झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ (हाल बिर्तामोड न.पा वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमश: ३०४.७४ र ३०८.९७ व.मि) को घरजग्गा ।
३.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/१ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं.४२९ को क्षेत्रफल ४-४-३-१ (रोपनी) को जग्गा ।
४.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७४, ७८ र ९२ को क्षेत्रफल क्रमश: ०-१५-२-०, २-८-०-० र०-१०-०-० (रोपनी) को जग्गा।
५.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६२, ६३ र २४८ को क्षेत्रफल क्रमश: ०-१३-२-०, १-७-०-० र १-८-२-० (रोपनी) को जग्गा।
६.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. २९५, १९५, २०७, ३०५, २८८/३३१, २५२ र २५९ को क्षेत्रफल क्रमश: ६४.५५, ८५.००, ८४.६५, ८४.६५, ११८.५१, १३५.४४ र ३५९.७६ (व.मी) को घर/जग्गा ।




तपसिल नं. १ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map



तपसिल नं. १ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. २ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. ३ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map/ Location Map


तपसिल नं. ४ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहि(चानको लागि Google Map/ Location Map


तपसिल नं. ५ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहि(चानको लागि Google Map/ Location Map


तपसिल नं. ६ मा उल्लेखित सम्पति

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहि(चानको लागि Google Map/ Location Map

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. माथि उल्लेखित लोकेशन म्याप केवल विक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो। बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

प्रेसमाथि सत्ताको...

पृष्ठ १ बाट क्रमशः

अतिक्रमण हुने गरी आएको अदालतको निर्णयले सञ्चारमाध्यमको स्वायत्तता र अभिव्यक्ति स्वतन्त्रतामा प्रत्यक्ष आघात पुग्ने उनीहरूको भनाइ छ। उनीहरूले यस्तो निर्णय तत्काल सच्याउन माग गरेका छन्। काठमाडौं जिल्ला अदालतले मंगलबार नेपालखबर डटकम र बिजमाण्डू डटकममा प्रकाशित समाचार हटाउन र थप यस्ता समाचार नलेख्न अल्पकालीन आदेश दिएको थियो। त्यसको भोलिपल्ट बुधबार अदालतले पत्रकार दिलभूषण पाठकविरुद्ध पक्राउ पुर्जी जारी गर्न अनुमति दिएको थियो। यी दुई घटनाले प्रेस स्वतन्त्रता तथा अभिव्यक्तिको अधिकारमाथि गम्भीर प्रश्न उठाएको भन्दै सञ्चारकर्मी, कानुन व्यवसायी र विभिन्न राजनीतिक दलका नेताहरूले आ-आफ्नो धारणा सार्वजनिक गरेका हुन्।

यस्तै, नेपालखबर र बिजमाण्डूले सम्पादकीय टिप्पणीमार्फत संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरुद्ध अदालतको निर्णय आएको भन्दै आपत्ति जनाएका छन्। पत्रकार पाठकले समेत आफूले प्रसारण गरेको सामग्रीकै आधारमा सरकारले बलपूर्वक दमन गर्न खोजेको आरोप लगाउँदै सञ्चारमाध्यम तथा सम्बन्धित निकायलाई प्रेस स्वतन्त्रताको रक्षा गर्न आवश्यक पहल गर्न आग्रह गरेका छन्।

पाठकविरुद्ध प्रहरीले जारी गरेको पक्राउ पुर्जी र समाचार हटाउन अदालतले दिएको आदेशविरुद्ध नेपाल पत्रकार महासंघलगायतका संघसंस्थाले विरोध गरेका छन्। दुवै घटना अभिव्यक्ति स्वतन्त्रता मात्र नभई संविधानविपरीत रहेको भन्दै महासंघलगायतका संघसंस्थाले विज्ञप्तिमार्फत विरोध जनाएका हुन्।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले पाठकविरुद्ध जारी भएको पक्राउ पुर्जी र समाचार हटाउन अदालतले गरेको आदेश संविधानको मर्मविपरीत रहेको बताए। 'पत्रकार पाठकविरुद्ध साइबर ब्युरोले पक्राउ पुर्जी जारी गरेको सूचना छ। उहाँले सहयोगका निम्ति महासंघ र प्रेस काउन्सिलमा पनि निवेदन गर्नुभएको छ। त्यस्तै, अदालतले मंगलबार मात्रै दुईवटा मिडियामा आएको समाचार हटाउन आदेश जारी गरेको छ। यी दुवै घटना अभिव्यक्ति स्वतन्त्रता र संविधानको मर्मविपरीत छन्। पाठकलाई आवश्यक सबै खालका सहयोग महासंघले गर्छ। अदालतको सन्दर्भमा कानुनी उपचार खोज्छौं,' महासचिव दाहालले भने।

पत्रकार पाठकले इन्टरफेस नेपाल नेटवर्कबाट सञ्चालित युट्युब च्यानल इन्टरफेसनेपाल डटकमबाट नक्सालस्थित पाँचतारे होटेल हिल्टनमा कांग्रेस सभापति शेरबहादुर देउवाका छोरा जयवीर देउवाको लगानी रहेकोबारे सामग्री प्रसारण गरेका थिए। उनले च्यानलमार्फत जयवीरको दुबई, अस्ट्रेलिया र क्यानडामा रियलस्टेटको बिजनेस रहेको बताएका थिए।

समाचारको खण्डन गर्दै हिल्टनका सञ्चालक शंकर ग्रुपले गत २१ वैशाखमा विज्ञप्ति सार्वजनिक गरेको थियो। सोही समाचारलाई लिएर उजुरी परेपछि ब्युरोले पाठकविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो। ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले समाचारको विषयलाई लिएर पाठकविरुद्ध उजुरी परेको पुष्टि गरे। 'पाठकविरुद्ध हामीकहाँ उजुरी परेको छ। अध्ययन चलिरहेको होला। पक्राउ पुर्जी जारी भए-नभएको सम्बन्धमा भन्न सकिएन,' उनले भने।

पाठकविरुद्ध जारी भएको पक्राउ पुर्जी र अदालतको आदेशविरुद्ध कांग्रेसनिकट नेपाल प्रेस युनियनले विरोध गरेको छ। युनियनका महासचिव दिलीप पौडेलले समाचार लेखेकै कारण पक्राउ पुर्जी जारी हुनु र प्रकाशित भएको समाचार हटाउन अदालतको आदेश आउनु दुवै प्रेस र अभिव्यक्ति स्वतन्त्रताविपरीत रहेको बताए। 'एकातर्फ पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। कन्टेन्टमा चित्त नबुझे प्रेस काउन्सिल जान सकिन्छ। तर, त्यसो नगरी प्रहरीले पक्राउ पुर्जी जारी गरेको छ। अर्कोतर्फ मिडियामा आएको समाचार हटाउन अदालतले आदेश गरेको छ। दुवै घटना प्रेस र अभिव्यक्ति स्वतन्त्रता मात्र नभई संविधानको मर्मविपरीत छ,' उनले भने।

दुवै घटनालाई लिएर सत्तारूढ दल एमालेनिकट प्रेस चौतारीले पनि विरोध गरेको छ। प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले समाचार हटाउन अदालतले गरेको आदेश र पत्रकार पाठकविरुद्ध प्रहरीले जारी गरेको पक्राउ पुर्जी लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्मसँग मेल नखाने बताए। 'समाचार हटाउन जारी गरिएको आदेश र समाचार प्रकाशन भएको आधारमा प्रहरीले पत्रकारविरुद्ध पक्राउ पुर्जी जारी गरेको कार्य लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्मसँग विसंगत छन्। प्रकाशित सामग्रीप्रति कुनै पक्ष असन्तुष्ट भएमा त्यसको औपचारिक सुनुवाइ र निरूपण प्रेस काउन्सिलमार्फत हुनुपर्छ भन्ने स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै फौजदारी प्रकृतिको प्रक्रिया अघि बढाउनु प्रेस स्वतन्त्रतामाथिको प्रत्यक्ष हस्तक्षेप हो। पक्राउ पुर्जी जारी गर्नु वा समाचार हटाउने आदेश दिनुजस्ता कार्यहरू पहिलो दृष्टिमा नै असंगत र बदनियतपूर्ण छन्,' उनले भने।

यस्तै, माओवादीनिकट घटनालाई प्रेस सेन्टरले पनि विरोध गरेको छ । सेन्टरका अध्यक्ष कमल गिरीले पत्रकारविरुद्ध जारी भएको पक्राउ पुर्जी र समाचार हटाउन अदालतबाट आएको आदेश प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन रहेको बताए। 'नेपालखबर र बिजमाण्डूमा प्रकाशित समाचार हटाउन र थप समाचार नलेख्न जिल्ला अदालत काठमाडौंले दिएको आदेश र प्रहरीले सोही अदालतबाट वरिष्ठ पत्रकार दिलभूषण पाठकलाई पक्राउ गर्न पुर्जी जारी गर्नु प्रेस स्वतन्त्रताको गम्भीर उल्लंघन हो। यो प्रेस स्वतन्त्रता, लोकतन्त्र र संविधानमाथिको प्रहार हो। प्रेस सेन्टर नेपाल यस प्रकारका कार्यको घोर निन्दा गर्दछ,' उनले भनेका छन्।

अभिव्यक्ति स्वतन्त्रताका अभियन्ता तथा फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले विद्युतीय कारोबार ऐनको दफा प्रयोग गरेर पत्रकार पाठकविरुद्ध पक्राउ पुर्जी जारी हुनु पुरानै घटनाको शृंखला रहेको बताए। 'विद्युतीय कारोबार ऐन, ०६३ को दफा ४७ प्रयोग गरेर पत्रकार थुन्ने कार्य १५ वर्षदेखि चल्दै आएको छ। यही क्रममा पाठकविरुद्ध पक्राउ पुर्जी जारी भयो। यो नौलो विषय होइन। यो दफा संविधानको मर्मविपरीत रहेको भन्दै हामीले अदालतमा पनि रिट हालेका हौं। तर, आदेश अपेक्षित आएन,' उनले भनेका छन्, 'फेरि पनि भन्छौं, यो दफा खारेज हुनुपर्छ। यो संविधानको मर्मविपरीत छ। यसले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्छ। अर्को समाचार हटाउन अदालतले आदेश गऱ्यो। यसमा सत्यताको परीक्षण भएको देखिएन। यसो हुनु ठिक भएन।'

यस्तै, पत्रकार पाठकले प्रेस काउन्सिल र पत्रकार महासंघलाई 'जानकारी तथा सहयोगको अपेक्षासहित' इमेलबाट पत्र पठाएर बलपूर्वक पक्राउ गर्न खोजिनुले आशंकासँगै अनेकन प्रश्न उठाएको बताएका छन्। प्रेस काउन्सिलले अनुसन्धान तथा छानबिन गर्नुपर्ने कानुनी व्यवस्था रहँदारहँदै विद्युतीय अपराध ऐन आकर्षित गर्न खोजिएको पाठकको भनाइ छ। नेपाल खबरले 'धितोपत्र बोर्डका अध्यक्षसम्बन्धी सामग्री हटाउने आदेश संविधानमाथिकै अतिक्रमण' भन्दै सम्पादकीय नोट लेखेको छ। 'अदालतले कुनै विषयमा थप समाचार तथा सामग्री उत्पादन र प्रकाशनमा बन्देज लगाउने गरी जारी गरेको यो आदेश प्रथम दृष्टिमै संविधानले सुरक्षित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मौलिक हकको विरुद्धमा छ,' नेपाल खबरले लेखेको छ, 'प्रकाशित सामग्रीका सम्बन्धमा चित्त नबुझे नियामक निकाय प्रेस काउन्सिल जाने बाटो हुँदाहुँदै यो विषय सोझै अदालत प्रवेश गराइएको छ र अदालतले पनि एकतर्फी सुनुवाइका आधारमा हामीलाई प्रतिवाद गर्ने मौकासमेत नदिई प्रकाशित समाचार हटाउन भनेर दिइएको आदेश प्रेस काउन्सिल आचारसंहिताको पनि प्रतिकूल छ।'

बिजमाण्डूले आफ्नो सम्पादकीय नोटमा अदालतको आदेशको कानुनी जवाफ दिने बताएको छ। 'नेपालको संविधान, प्रचलित आचारसंहिता र नेपालले अन्तर्राष्ट्रिय रूपमा जनाएको प्रतिबद्धताको कसीमा अदालतको आदेश चुनौतीयोग्य रहेको हाम्रो प्रारम्भिक बुझाइ छ। सम्मानित अदालतको आदेशको विषयमा हामी कानुनी प्रक्रियामा सामेल भएर यस विषयमा जवाफ दिनेछौं। प्रेस स्वतन्त्रताको पक्षमा अदालत सदाझैँ जिम्मेवार रूपमा प्रस्तुत हुनेछ भन्ने हाम्रो विश्वास छ,' बिजमाण्डूले भनेको छ, 'प्रेस स्वतन्त्रता नागरिक अधिकार हो, मिडिया माध्यम मात्र हुन्। लोकतान्त्रिक व्यवस्थामा नागरिक अधिकार रक्षाका लागि अदालत र मिडिया स्वयं परिपूरक पनि हुन् भन्ने हाम्रो विश्वास छ। यो तथ्यलाई अदालतले पनि गम्भीरतापूर्वक लिनेछ भन्ने हामी आशावादी छौं।'

त्रिविमा 'गुन्डाराज'लाई...

पृष्ठ १ बाट क्रमशः

तर, प्रहरीले हालसम्म दुईजनालाई मात्रै पक्राउ गरेकोमा मुख्य आरोपीद्वय उपाध्याय र पराजुली उल्टै प्रहरी कार्यालय पुगेर उनीहरूलाई समेत छुटाउन दबाब दिइरहेका छन्। प्रहरीले सानोठिमी क्याम्पसका स्ववियु सचिव दिक्पाल कार्की र शंकरदेव क्याम्पसका विद्यार्थी नेता लोकेश कुँवरलाई पक्राउ गरेको छ। तर, उनीहरूलाई पनि छाड्न दबाब दिन उपाध्याय र पराजुली मंगलबार प्रहरी वृत्त कीर्तिपुर पुगेका थिए। उनीहरूले प्रहरी वृत्तअगाडि उभिएर फोटोसमेत खिचाएर सार्वजनिक गरेका छन्।

उपकुलपति कार्यालय तोडफोड गर्नेलाई कारबाही नगर्न गृह मन्त्रालयबाटै दबाब आएकाले उनीहरू कार्यालयमै पुग्दासमेत पक्राउ गर्न नसकिएको प्रहरी स्रोतले बतायो। एक मुख्य आरोपी मदन उपाध्यायको गृहमन्त्री रमेश लेखकको सचिवालयसँग निकटता भएकाले पनि पक्राउ नगर्न आदेश आएको प्रहरी स्रोतले बतायो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराले पक्राउ परेका दुईजनालाई अभद्र व्यवहारमा मुद्दा चलाएको र अन्यलाई पनि पक्राउ गर्ने दाबी गरे। 'हामीले दुईजनालाई पक्राउ गरेका छौं, उनीहरूविरुद्ध पाँच दिनको म्याद थप भएको छ,' उनले भने, 'अन्य व्यक्ति पनि पक्राउ पर्छन्, प्रत्यक्ष संलग्नलाई छाड्ने भन्ने हुँदैन।'

त्रिविमा 'गुन्डागर्दी' गर्नेहरू प्रहरी वृत्तमै पुगेर प्रहरीलाई धम्क्याउने र प्रहरी निरीह हुने अवस्थाले थप आतंक सिर्जना गरेको त्रिविका पदाधिकारी, प्राध्यापक तथा कर्मचारीहरूको गुनासो छ। प्रहरीमा उजुरी दिएको विषयलाई लिएरसमेत उनीहरूले त्रिविका पदाधिकारीलाई अप्रत्यक्ष रूपमा धम्की दिइरहेका छन्। 'जो घटनाका मुख्य नाइके थिए, उनीहरू खुलमखुल्ला प्रहरीलाई धम्क्याउँदै हिँडिरहेका छन्, प्रहरी मूकदर्शक बनेको छ,' त्रिविका एक पदाधिकारीले भने, 'त्रिवि प्रशासनले यो-यो व्यक्ति हुन् भनेर निवेदन दिँदासमेत प्रहरीले प्रत्यक्ष संलग्नलाई पक्राउ गरेन, दुईजनालाई पक्राउ गरेर घटना चोख्याउन खोजिएको छ, तर उक्त घटनामा थुप्रै मानिस संलग्न छन्।'

प्रहरीले पक्राउ गरेका दुई विद्यार्थी नेता कार्की र कुँवर भने घटनाका मुख्य पात्र नभएको त्रिविका पदाधिकारीहरू बताउँछन्। मुख्य पात्रलाई उन्मुक्ति दिएर घटना दबाउन खोजिएको उनीहरूको गुनासो छ।

त्रिविका निमित्त उपकुलपति खड्ग केसीले १४ जेठको घटनापछि के-के भइरहेको छ भन्नेमा आफू अपडेट नभएको, तर मुख्य व्यक्ति पक्राउ नपरेको बताउँछन्। 'घटनामा थुप्रै मानिस संलग्न छन्, तर पक्राउ गरिएन, हामीले त कानुनी राज्यलाई विश्वास गरेर निवेदन दिएका हौँ, शान्तिसुरक्षा दिने राज्यको काम हो,' उनले भने, 'तर, खास व्यक्तिचाहिँ बाहिरै छन्।'

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय कैलाली
धनगढी, कैलाली, नेपाल
ईमेल:dpho71kailali@gmail.com
सम्पर्क नं.: ०९१-५२७०१६

क्याटलग सपिङ्ग विधिबाट Blood Bank Centrifuge मेशिन खरिद गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२९

यस कार्यालयलाई आवश्यक पर्ने तपसिल अनुसारको १ थान (एक) Blood Bank Centrifuge मेशिन सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ख बमोजिम त्यस्तो Blood Bank Centrifuge मेशिन उत्पादक कम्पनी वा आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरूले फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of Authorization र आ.व. २०८०।०८१ को आयकर चुक्ता प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख अनुसार देहाय बमोजिमको Blood Bank Centrifuge मेशिनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी मिति २०८२/०३/०४ गते दिउँसो १२:०० बजेभित्र यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक कम्पनी वा आधिकारिक विक्रेताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै Blood Bank Centrifuge मेशिनको प्राविधिक स्पेशिफिकेशन प्रस्ताव सम्बन्धी जानकारीको लागि कार्यालयको ईमेल ठेगाना dpho71kailali@gmail.com मार्फत प्राप्त गर्न सकिनेछ।

Type of machine	Requirement (general specification n)	Quantity
Blood bank centrifuge	Blood Bank Refrigerated Centrifuge-Technical Specification Summary • Separates blood components (platelet, plasma, RBC, cryoprecipitate). • Use: Blood banks, hospitals, labs, pharma, biotech, vaccine industries. • Microprocessor/PLC controlled. • Floor-standing; capacity for 6+ blood bags. • Steel body; safe & reliable. • Stores multiple programs. • Removable buckets for single to quintuple bags. • Imbalance detection with cut-off. • Electric lid lock; protections (over-speed/temp/imbalance). • Programmable speed up to 4,200 RPM. • Digital display: temp, speed, time, RCF, accel/decel. • RCF ≥ 5500. • Temp range: 4°C to 20°C. • Brushless induction motor with frequency drive. • Adaptors for different blood bag sizes. • ISO 13485 certified; CE or USFDA approved. • 2 years comprehensive. • Installation by certified personnel	1 (One)

(रमेश कुँवर) कार्यालय प्रमुख

ठेक्कामा मिलेमतो गरी चार करोड ३१ लाख भ्रष्टाचार

काठमाडौंका निवर्तमान प्रमुख प्रशासकीयसहित सातविरुद्ध मुद्दा

सुवास भट्ट/नयाँ पत्रिका

ढल निर्माणको ठेक्का लगाउँदा ठेकेदारसँग मिलेमतो गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले काठमाडौं महानगरका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारसहित सातजनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। बुधबार दायर मुद्दामा अख्तियारले ठेक्कामा चार करोड ३१ लाख ७२ हजार रुपैयाँ हिनामिना भएको दाबी गरेको छ। परियार हाल सूचना तथा प्रसारण विभागका महानिर्देशक छन्।

काठमाडौं महानगरपालिकाको सामाखुसी करिडोरअन्तर्गत बसुन्धरादेखि म्हेपीसम्मको ढल निर्माण कार्यको ठेक्कामा भ्रष्टाचार भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ। ठेक्काको खरिद प्रक्रियाका विभिन्न भूमिकामा संलग्न पदाधिकारीले मिलेमतो गरी भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। बदनियत राखेर ठेक्का लगाएको र मनसायपूर्वक गलत मूल्यांकन प्रतिवेदन खडा गरी सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेको अभियोग अख्तियारको छ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत परियारलाई प्रमुख प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर गरेको छ। अख्तियारले परियारविरुद्ध चार करोड ३१ लाख ७२ हजार रुपैयाँ बिगो दाबी गरेको छ। यस्तै, सार्वजनिक सम्पत्तिको हिनामिना वा दुरुपयोग गरेको कसुरमा आठदेखि १० वर्षसम्म कैद सजाय दाबी अख्तियारले गरेको छ। महानगरको प्रमुख प्रशासकीय भएकामा थप तीन वर्षसम्म कैद सजायको दाबी पनि अख्तियारले गरेको छ। परियार महानगर मेयर बालेनका विश्वासिला मानिन्थे।

ठेक्काको बोलपत्र मूल्यांकन समितिमा संलग्न चारजना निर्देशक रविनमान श्रेष्ठ, शिवराज अधिकारी, वसन्त आचार्य र नमराज ढकाललाई पनि अख्तियारले प्रतिवादी बनाएको छ। यस्तै, सहायक निर्देशक उत्तम दाहाल र इन्जिनियर जनार्दन गिरीविरुद्ध पनि मुद्दा दायर भएको छ। उनीहरूविरुद्ध पनि जनही चार करोड ३१ लाख ७२ हजार रुपैयाँ बिगो र आठ देखि १० वर्षसम्म कैद सजाय दाबी गरिएको छ। सहायक निर्देशक दाहालबाहेक अरू कर्मचारीलाई गलत प्रतिवेदन दिएकामा तीन महिनादेखि एक वर्षसम्म कैद र १० देखि ५० हजारसम्म जरिवानाको दाबी पनि अख्तियारले गरेको छ।

■ ढल निर्माणमा बढी कबोल गर्ने ठेकेदारलाई ठेक्का दिएर भ्रष्टाचार





प्रदीप परियार
पूर्वप्रशासकीय अधिकृत

सामाखुसी करिडोरको ठेक्कामा महानगरले २४ करोड १७ लाख ३६ हजार ४४० रुपैयाँ लागत अनुमान तयार गरेको थियो। यसअनुसार खरिद कानुनअनुसार महानगरले ठेक्का प्रक्रियामा दुई ठेकेदार कम्पनी समानान्तर सेवा प्राली र कल्पवृक्ष-कोहिनुर जेभीको आर्थिक र प्राविधिक प्रस्ताव हेरेको थियो। समानान्तरले सबैभन्दा कम अर्थात् १८ करोड नौ लाख २२ हजार ३२५ रुपैयाँ र कल्पवृक्ष-कोहिनुरले २२ करोड ४० लाख ९४ हजार ६१२ रुपैयाँ कबोल गरेका थिए। कम रकम कबोल गरे पनि प्राविधिक प्रस्तावमा असफल गराई समानान्तरलाई ठेक्का दिइएन।

बरु, समानान्तरले भन्दा चार करोड ३१ लाख ७२ हजार २८७ रुपैयाँ कबोल गर्ने कल्पवृक्ष-कोहिनुरलाई ठेक्का दिइएको थियो। बदनियत राखी महानगरपालिकाले ठेक्का समानान्तरलाई नदिने गरी अयोग्य बनाउन कार्य गरेको अख्तियारको आरोप छ। यही बदनियतमा अख्तियारले चार करोड ३१ लाख ७२ हजार २८७ रुपैयाँलाई बिगो कायम गरेको हो। 'प्रतिवादीहरूले आफ्नो पदको दुरुपयोग गरी-गराई काठमाडौं महानगरपालिकाको सम्पत्तिको बदनियतपूर्वक हानि-नोक्सानी गरे-गराएको तथ्य स्थापित भयो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ।

■ साढे तीन वर्षअघिको मुद्दासँग जोडिएको ढल प्रकरण

यो मुद्दा तीन वर्षअघि अख्तियारले दायर गरेको अर्को मुद्दासँग जोडिएको देखिन्छ। महानगर आफैंले टेकुमा बनाउन लागेको प्रशासकीय भवनको खरिद कार्यमा भ्रष्टाचार भएको भन्दै अख्तियारले ठेक्का प्रक्रियामा संलग्न पाँचजनाविरुद्ध २९ मंसिर ०७८ मा भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

ठेक्काको प्राविधिक मूल्यांकन प्रक्रियामा गलत लिखत तयार गरी निर्माण व्यवसायी छनोट गरेको आरोपमा अख्तियारले गलत लिखत तयार गर्ने कर्मचारीहरूविरुद्ध मुद्दा दायर गरेको थियो। त्यसमा महानगरपालिकाका निर्देशक भैरवबहादुर बोगटी, खरिद इकाइ प्रमुख उपनिर्देशक बखतबहादुर साउद, उपनिर्देशकद्वय सुमन अधिकारी र वीरबहादुर खड्का तथा इन्जिनियर उमेशकुमार बुढाथोकीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो।

यस मुद्दामा ठेकेदार समानान्तर संलग्न भई महानगरपालिकाका तत्कालीन पदाधिकारीहरूलाई विशेष अदालतबाट कसुर कायम गरी सजाय गराउन भूमिका निर्वाह गरेको अख्तियारको आरोपपत्रमा छ। त्यही ठेक्काको खरिद कार्यसँग सम्बन्धित भुक्तानीको सम्बन्धमा पाटन उच्च अदालत र नेपाल मध्यस्थता परिषद्समेतमा महानगरपालिकालाई पनि विपक्षी बनाई समानान्तरले निवेदन दिएको थियो। समानान्तरका यी गतिविधिप्रति बदनियत राखेर महानगरले कार्य गरेको अख्तियारको दाबी छ। कानुनी विषय टुंगिनसकेको अपव्याख्या गरी मनसायपूर्वक गलत मूल्यांकन प्रतिवेदन खडा गरी समानान्तरलाई ठेक्का प्रक्रियाबाट बाहिर पठाइएको अख्तियारको दाबी छ।

संसद् निरन्तर अवरुद्ध, खुलाउने प्रयास निरर्थक

२० जेठदेखि बजेटमा छलफल र ५ असारमा पारित गर्ने कार्यसूची, तर गतिरोधले छलफल सुरु नै भएन



गृहमन्त्रीमाथि छानबिनको माग गर्दै बुधबार प्रतिनिधिसभा बैठकमा नाराबाजी गरिरहेका विपक्षी दलका सांसद। **तस्बिर : अमूल थापा/नयाँ पत्रिका**

कमलराज भट्ट/नयाँ पत्रिका

भिजिट भिसाको दुरुपयोग र मानव तस्करी प्रकरणमा सत्तापक्षले संसदीय छानबिन गर्न नमान्दा प्रतिनिधिसभा १५ दिनदेखि अवरुद्ध छ। भिजिट भिसा ठगीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, अध्यागमनमा छापा मारेपछि विपक्षी दलहरूले संसदीय वा उच्चस्तरीय छानबिन समितिको मागसहित १३ जेठदेखि संसद् अवरुद्ध गर्दै आएका हुन्।

गृहमन्त्री रमेश लेखकले पठाएका अध्यागमन कार्यालय प्रमुख तीर्थराज भट्टराई र गृहमन्त्रीका सचिवालयका कर्मचारी पनि अख्तियारको अनुसन्धानमा तानिएपछि संसद पनि तरंगित भएको हो। गृहमन्त्रीको राजीनामा माग गर्दै आएका विपक्षी माओवादी, रास्वपा, एकीकृत समाजवादी, राप्रपासहितका दलहरूले संसदीय वा उच्चस्तरीय छानबिन हुनुपर्ने बताइरहेका हुन्। तर, सत्तारुढ कांग्रेस र एमाले भने अख्तियारले अनुसन्धान गरिरहेको भन्दै पन्छाइरहेका छन्।

विपक्षी दलहरूको बुधबारको बैठकले अख्तियारको छानबिन हस्तक्षेप नहुने गरी उच्चस्तरीय छानबिन समिति बनाउने पाँचबुँदे मस्यौदामा सत्ता पक्षको धारणा माग्ने समझदारी बनेको रास्वपा प्रमुख सचेतक सन्तोष परियारले बताए। तर, सत्ता पक्षले पाँचबुँदे नमान्ने बताएको माओवादी प्रमुख सचेतक हितराज पाण्डेले जनाए। सत्ता पक्षबाट अख्तियारको छानबिनलाई सहयोग गर्ने र समग्र अध्ययन गर्न छानबिन सकिएपछि आवश्यक संयन्त्र बनाउन, दुईबुँदे मस्यौदालाई अगाडि बढाउनुपर्ने जोड छ।

दुवै पक्षबिच बुधबार कुरा नमिलेपछि विपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पर्खिने सहमतिअनुसार प्रतिनिधिसभा बैठक बिहीबार तीन बजेसम्मका लागि सारिएको छ। कांग्रेस नेता रामहरि खतिवडाका अनुसार विपक्षी दलका नेता प्रचण्ड मुस्ताङबाट बिहीबार फर्किएपछि विपक्षी मोर्चामा सहमति खोज्ने समझदारी तीन दलको बैठकमा भएको छ। एमाले मुख्य सचेतक महेश बर्तौलाले संसद्को गतिरोध अन्त्य गरेर प्रभावकारिता हासिल गर्ने सन्दर्भमा कांग्रेस, एमाले, माओवादी एक ठाउँमा रहेको दाबी गरे। 'प्रमुख विपक्षीको सल्लाहबमोजिम समझदारीको वातावरण बनाउने प्रयास छ। प्रचण्डज्यू फर्किएर विपक्षीसँग थप छलफल गर्नुहुन्छ। सकेसम्म प्रतिपक्षी एक ठाउँमा उभिएर हाउस चलाउने प्रयास प्रमुख प्रतिपक्षी तहबाट हुन्छ। माओवादीकै सरसल्लाहबमोजिम बैठक बिहीबार तीन बजेसम्म पुऱ्याइएको हो,' उनले भने।

माओवादी, एमाले कांग्रेसका बिचमा छलफल भएको र अरू दलसँग आवश्यक नरहेको उनको भनाइ छ।

सभामुख देवराज घिमिरेले संसद्को नियमित कारबाही अवरुद्ध भइरहेको दुई हप्ताभन्दा बढी भइसकेको भन्दै गतिरोध अन्त्यको वातावरण बनाउन अपिल गरेका छन्। कार्यव्यवस्था तथा परामर्श समितिले तय गरेको क्यालेन्डरअनुसार २० जेठदेखि बजेटमा छलफल गर्ने र ५ असारमा पारित गर्ने कार्यसूची छ। आठ दिन बितिसक्दा पनि गतिरोधले छलफल प्रारम्भ हुन सकेको छैन। यसबिचमा तय भएका प्रतिनिधिसभाका २०, २१, २२, २३, २५, २६, २८ गतेका बैठक चल्न सकेका छैनन्। बुधबार एक बजे बोलाइएको प्रतिनिधिसभा बैठक सुरुमा सूचना टाँसेर ३:१५ सम्म सारिएको थियो। सहमति नजुटे पनि सभामुखले तीन बजे चलाएको बैठकमा विपक्षीले नाराबाजी गरेका थिए। १७ मिनेटको रस्साकस्सीपछि बैठक बिहीबार दिउँसो तीन बजेसम्मका लागि स्थगित गरिएको छ।

संक्षेप

कोरोना संक्रमण बढ्दै, किट अभावले नाकामा परीक्षण न्यून



धनगढी/ सुदूरपश्चिम सीमानाका भएर भारतबाट स्वदेश फर्कने नेपालीमा कोरोना संक्रमण देखिने क्रम बढेको छ। एक सातामा १६ जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ। तर, किट अभावका कारण नाकामा एन्टिजेन परीक्षण भने न्यून छ। सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयले धनगढी त्रिनगर, कञ्चनपुरको गड्डाचौकी र बैतडीको जुलाघाट नाकामा मात्र कोरोना परीक्षण गरिरहेको छ। अन्य नाकामा भने परीक्षण हुन सकेको छैन। प्रदेश स्वास्थ्य निर्देशनालयका महामारी रोग स्रोतव्यक्ति हेमराज जोशीले तीन सयवटा एन्टिजेन किट मात्र मौज्दात रहेको बताए। किट पर्याप्त नहुँदा कडा लक्षण देखिएकालाई मात्र परीक्षण गर्ने गरिएको छ। त्रिनगर र गड्डाचौकी नाकामा पछिल्लो २४ घण्टामा चार सयजना स्वदेश फर्किएको तथ्यांक छ। तर, तीनजनाको मात्र कोरोना परीक्षण गरिएको छ। तीनैजनामा कोरोना देखिएको निर्देशनालयले जनाएको छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार हाल २० जना कोरोनाको सक्रिय संक्रमित छन्। संक्रमित २० मध्ये ११ जना भारतबाट आएका हुन्। उनीहरू दिल्ली र गुजरातलगायत ठाउँबाट आएका थिए। भारतबाट आएकामा संक्रमण देखिएपछि सीमा क्षेत्रमा स्वास्थ्य सुरक्षा अपनाउन स्वास्थ्य मन्त्रालयले समेत अनुरोध गरेको छ।

सर्लाहीमा कुलमानलाई नागरिक अभिनन्दन



सर्लाही/ नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक कुलमान घिसिङलाई सर्लाहीमा नागरिक अभिनन्दन गरिएको छ।

हरिवनमा बुधबार आयोजित कार्यक्रममा नागरिक अभिनन्दन मूल समितिले दोसल्ला र ताम्रपत्रसहित नागरिक अभिनन्दन गरेको हो। लोडसेडिङ अन्त्य गरेको र चेपाङ बस्तीसहित देशभर विद्युत् विस्तार गरेको भन्दै अभिनन्दन गरिएको हो। त्यसअघि मंगलबार घिसिङ बाराको जितपुर-सिमरा उपमहानगरपालिका- १६ स्थित टाँगियाबस्ती पुगेका थिए। प्राधिकरणले ०७९ मा टाँगिया बस्तीमा बत्ती पुऱ्याएको थियो। टाँगिया बस्तीमा करिब एक हजार चार सय ७६ घरपरिवार छन्। विद्युतीकरणपछि पहिलोपल्ट टाँगिया बस्तीमा पुगेका घिसिङले बस्तीमा बत्ती बाल्दा एउटा सरकारी निकायले अन्य सरकारी निकायसँग युद्ध जितेजस्तो अनुभव रहेको स्मरण गरे।

फेवातालमा प्याराग्लाइडिङ खस्यो, चारैजनाको सकुशल उद्धार

पोखरा/ फेवातालमा बुधबार दुई प्याराग्लाइडिङ खस्दा दुर्घटना भएको छ। पोखरा महानगरपालिका- १८ स्थित तोरेपानीबाट उडान गरेका प्याराग्लाइडिङ अवतरण गर्ने क्रममा हावाहुरीका कारण तालमा खस्दा घाइते भएका चारजनाको सकुशल उद्धार गरिएको छ। फेवाताल किनारस्थित रेस्क्यु टावरमा खटिएको सशस्त्र प्रहरी बलको उद्धार टोलीले दुई नेपाली पाइलट र दुई भारतीय यात्रुको उद्धार गरेको हो।

अलपत्र नेपाल-चीनमैत्री औद्योगिक पार्कको अवलोकनमा पुगे चिनियाँ राजदूत

झापामा/ चिरञ्जीवी घिमिरे

झापामा साढे चार वर्षदेखि अलपत्र नेपाल-चीनमैत्री औद्योगिक पार्कको चिनियाँ राजदूत छेन सोङले बुधबार अनुगमन गरेका छन्। पार्कका अध्यक्ष गोविन्द थापाले झापा पुगेका राजदूत सोङलाई औद्योगिक पार्कसम्म पुऱ्याएका हुन्।

राजदूत सोङ औद्योगिक क्षेत्र बन्ने जग्गासँगै शिलान्यास स्तम्भ पनि अवलोकन गरे। भत्किएको स्तम्भ टालटुल पारिएको छ। औद्योगिक पार्क पुगेका नेपालका लागि चिनियाँ राजदूत सोङले कुनै प्रतिक्रिया भने दिन मानेनन्।

यद्यपि, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीले भने चिनियाँ टोली आफूहरूको सहकार्यमा नआएको बताए। १६ फागुन ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले कमल गाउँपालिका- ७, गौरादह नगरपालिका- ५ र दमक- १० को संगमस्थल रतुवा नदीछेउमा



चिनियाँ राजदूत छेन सोङ

पार्क निर्माणका लागि शिलान्यास गरेका थिए। प्रधानमन्त्री ओलीले दुई वर्षभित्र एक सय उद्योग स्थापना हुने दाबी गरे पनि काम नै भएको छैन।

नेपाल-चीनमैत्री औद्योगिक पार्कमा उद्योग स्थापनाका लागि चीनको ल्हासा इकोनोमिक एन्ड टेक्नोलोजी डेभलपमेन्ट जोन जिङफिङ जोइन्ट क्रिएसन कन्स्ट्रक्सन प्रोजेक्ट डेभलपमेन्टले लगानी गर्ने भनिएको थियो। तर, हालसम्म लगानी बोर्डसँग प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट (पिडिए) पनि हुन सकेको छैन। काम सुरु गर्नुपूर्व पिडिए अनिवार्य हो। यो चिनियाँ कम्पनीले ६४ अर्ब ९० करोड लगानी गर्न पाउने गरी लगानी बोर्डले लगानी स्वीकृत गरिसकेको छ। यद्यपि, लगानी बोर्डका कारण नै काम अघि बढ्न नसकेको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओलीले दाबी गरे। 'किन रोकियो भन्ने प्रश्न त हामीले लगानी बोर्डलाई गरिरहेका छौं। लगानी बोर्डमा पिडिए अड्किएका कारण काम अघि बढ्न सकेन,' उनले भने, 'हामीले चिनियाँ कम्पनीलाई जग्गा लिजमा दिएका हौं। हामी लगानी बोर्डलाई कि पिडिए गरेर काम अघि बढाऊ, नभए जग्गा फिर्ता गर, हामी हाम्रो तरिकाले चलाउँछौं भनिरहेका छौं।'

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अनुसार हाल पार्कको नाममा करिब १७ सय बिघा जग्गा आइसकेको छ। जसमध्ये करिब १२ सय बिघा सरकारी जग्गा थियो भने बाँकी पाँच सय बिघा मुआब्जा दिएर पार्कको नाममा लिइएको हो।

अनेरास्ववियुमा कडरिया र पौडेल प्यानलै प्रतिस्पर्धामा

काठमाडौं/ एमाले भ्रातृ संगठन अनेरास्ववियुको २४औं राष्ट्रिय महाधिवेशनबाट नयाँ नेतृत्वका लागि डा. सुजन कडरिया र प्रकाश पौडेल प्यानलसहित चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।



सुजन कडरिया



प्रकाश पौडेल

सर्वसम्मत नेतृत्व चुन्न अध्यक्ष केपी ओलीले दिएको निर्देशन असफल भएपछि अन्ततः चुनाव भइरहेको हो। मतदान बिहीबार बिहानबाट हुने संशोधित कार्यतालिका छ।

उपाध्यक्षमा कडरिया प्यानलबाट अञ्जना शिवाकोटी र पौडेल पक्षबाट विकास श्रेष्ठले उम्मेदवारी दिएका छन्। त्यस्तै, उपाध्यक्षहरूमै राजकुमार ढकाल, भरतसिंह धामी, धमेन्द्र केसी र गणेशबहादुर शाही, महिला उपाध्यक्षमा सुजिता धिताल, भवानी बजगाईं र आरती भट्टराई पनि उम्मेदवार भएका छन्। महिला उपाध्यक्षमा भट्टराईले पौडेल प्यानलबाट उम्मेदवारी दिएकी हुन्। त्यस्तै, महासचिव पदमा कडरिया प्यानलबाट दीपक धामी र पौडेल प्यानलबाट आरके रोमशले उम्मेदवारी दिएका छन्।

उपमहासचिवमा प्रेमिका शाही, कमल जोशी र अमरबहादुर शाही उम्मेदवार छन्। सचिवमा दिलीप खड्का, रेखा न्यौपाने, रक्षा बम, आकाश घर्तीमगर र रेखा थापासहित तीन दर्जनजतिको उम्मेदवारी परेको छ। पाँच सय २१ जना उम्मेदवार छन्। सचिवालय सदस्यमा महिला क्लस्टरबाट बिहानी पंगेनी निर्वाचित भएकी छिन्। यही सम्मेलनबाट ३२ वर्षे उमेर हद लागेपछि अध्यक्षको दौडमा रहेका नरेश रोकायसहित पदाधिकारी र सचिवालयमा दाबेदार एक सयभन्दा बढी कार्यकर्ता बाहिरिएका छन्।

■ खण्डित वर्षा : कतै गर्मी, कतै बाढी

उदयपुरमा गर्मीले एकको मृत्यु, सल्यानमा बाढी

उदयपुरमा **विदुर कटुवाल**, सल्यानमा **दीपक शर्मा**

कोशी प्रदेशमा मनसुन प्रवेश गरेको दुई सातासम्म पनि देशभर फैलन नसक्दा खण्डित वर्षा भइरहेको छ। मौसमविद्का अनुसार एक साता वर्षा रोकिए पनि पश्चिमी र स्थानीय वायुका कारण मंगलबारबाट बादल लाग्नुका साथै वर्षा त भइरहेको छ। तर, कतै वर्षाले बाढी निम्त्याउँदा विशेष गरी तराई र चुरे क्षेत्रमा भने चर्को गर्मी छ। मनसुनमा एकनास वर्षा हुने भए पनि अझै पश्चिमी वायु सक्रिय रहेकाले कतै वर्षा त कतै चर्को घाम लाग्ने गरेको हो।

उदयपुरको त्रियुगा नगरपालिका- २, जोगीदहमा बुधबार हिँडिरहेका वेला गर्मीका कारण ढल्दा ५० वर्षीय बिर्खबहादुर सार्कीको मृत्यु भएको छ। वडाध्यक्ष घमानसिंह खत्रीले घरनजिकैको बाटोमा ढलिरहेको अवस्थामा सार्की मृत फेला परेकाले गर्मीका कारण हुन सक्ने अनुमान गरिएको बताए। उदयपुर प्रहरीका डिएसपी केदारमान दोडले शव पोस्टमार्टमपछि मात्र कारण खुल्ने बताए। कटारी नगरपालिका- ५ मा रहेको भोर्ले माविका सातजना विद्यार्थी मंगलबार गर्मीका कारण बेहोस भएका थिए।

तर, मंगलबार रातिको वर्षाका कारण सल्यानको मुख्य व्यापारिक केन्द्र श्रीनगर बजारमा बाढी पसेको छ। श्रीनगरमा रहेको अँधेरी खोलाको बाढी पस्दा सागरराज पाण्डेको कान्तिपुर सामुदायिक अस्पताल, संगीता डाँगीको किराना पसल तथा डिल्लीबहादुर हमाल, सोवी चलाउने र रेशम श्रेष्ठको घरमा क्षति पुगेको छ। बाढीले शारदा नगरपालिका- १२ स्थित रेशमज्युलामा रहेको अटो भिलेजमा समेत क्षति गरेको छ।



गर्मी छल्न पीपल चौतारामा बसेका धनुषाको विदेह- ४ का स्थानीय। तस्बिर : हदिश खुद्दार/नयाँ पत्रिका



बाढीपछि सल्यानको मुख्य व्यापारिक केन्द्र श्रीनगर बजार।

तापक्रम केही घट्यो, तर धमाधम विद्यालय बन्द

मंगलबारदेखि बादल लाग्नुका साथै केही ठाउँमा वर्षा पनि हुन थालेपछि तापक्रम केही घटेको छ। तर, विशेष गरी तराई क्षेत्रमा भने अझै पनि गर्मी रहेकाले पालिकाले विद्यालय बन्द गर्न थालेका छन्। मध्याह्नमा तराईका बजार सुनसान हुने गरेका छन्। अत्यधिक गर्मीका कारण धनुषाको जनकपुरधाम उपमहानगरपालिका, सबैला नगरपालिका, पर्साको पोखरिया गाउँपालिकाका विद्यालयको पठनपाठन बन्द गरिएको छ। उदयपुरको त्रियुगा नगरपालिकाले नगरभित्रका सबै विद्यालयमा दुई दिन गर्मी बिदा दिएको छ।

सोमबार तराईमा अधिकतम तापक्रम ४१ डिग्री सेल्सियस पुगेको थियो। तर, बुधबार भने केही घटेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार सबैभन्दा बढी भैरहवाको अधिकतम तापक्रम ३९.५ र न्यूनतम तापक्रम ३१.२ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, सिमरामा ३८.४, नेपालगन्जमा ३८.२, विराटनगरमा ३७.६, धनगढीमा ३७.२ र धरानमा ३६ डिग्री सेल्सियस मापन भएको छ। काठमाडौंको अधिकतम तापक्रम ३१.२, दिपालयको ३३, सुर्खेतको ३५.७, घोराहीको ३४.६ र पोखराको ३३ डिग्री सेल्सियस मापन भएको छ।

बुधबारभन्दा आज धेरै ठाउँमा पानी पर्ने

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार पूर्वी नेपालमा मनसुनी वर्षा भइरहे पनि अन्यत्र भने पश्चिमी र स्थानीय वायुका कारण वर्षा भइरहेको हो। मंगलबारदेखि वर्षा सुरु भएकामा बुधबार कोशी, बागमतीसँगै अन्य प्रदेशका पहाडी भूभागमा पानी परेको छ। बुधबारभन्दा बिहीबार अझ धेरै ठाउँमा वर्षा हुने मौसमविद् लामिछानेले बताए। 'मनसुन विस्तार हुने वातावरण पनि बनिरहेको छ। मनसुन नपुगेको ठाउँमा पनि बुधबारभन्दा बिहीबार अलि धेरै पानी पर्न सक्छ, तर झरी नै नपरे पनि यसले तापक्रम घटाउन महत गर्नेछ,' उनले भने। महाशाखाले बुलेटिन जारी गर्दै २४ घण्टामा कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत देशका पहाडी भूभागका थोरै स्थानमा र बाँकी भूभागका एक-दुई स्थानमा वर्षाको सम्भावना रहेको जनाएको छ। त्यस्तै, कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिमका एक-दुई स्थानमा भारी वर्षाको पनि आकलन गरिएको छ।

जलविद्युत्को लगानी : राष्ट्रिय सुरक्षा खतरा बन्ने जोखिम

जलविद्युत् क्षेत्रको विकास महत्त्वपूर्ण भए पनि यसमाथिको अत्यधिक निर्भरता र अव्यवस्थित लगानीले राष्ट्रिय सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्छ



● भीम भुर्तेल

अग्रलेख

नेपालमा जलविद्युत्लाई सेतो सुन वा सेतो डलरका रूपमा चित्रण गरिन्छ। विद्युत् उत्पादन गरी भारततर्फ निर्यात गरेर चाँडै धनी बन्ने दिवास्वप्न देखाइएको छ। तर, वास्तविकताले बिस्तारै अर्कै मोड लिँदै छ। यो आकर्षक सपना अब राष्ट्रिय सुरक्षाको नयाँ खतरा बन्ने सम्भावना छ। जलविद्युत्मा भइरहेको वर्तमान लगानी किन राष्ट्रिय सुरक्षाका लागि खतरा बन्दै छ र त्यसको व्यवस्थापन के-कसरी गर्न सकिन्छ भनेर यहाँ चर्चा गरिनेछ।

पहिलो, जलविद्युत् क्षेत्रलाई यस्तो तारणहारका रूपमा चित्रित गरिँदै छ। मानौँ, नेपाल धनी बन्ने यो एक मात्र विकल्प हो। यो भाष्य निकै बलियो हुँदै गएकाले अन्य आर्थिक सम्भावना ओझेलमा परेका छन्। कुनै एक प्राकृतिक स्रोतको प्रचुरता हुँदैमा त्यसैका कारणले मात्र देश समृद्ध हुँदैनन्। बरु, यस्ता देश प्रायः 'प्रचुरताको विरोधाभास' (पाराडक्स अफ प्लेन्टी) वा 'स्रोतको श्राप' (रिसोर्स कर्स) को सिकार हुन्छन्। अफ्रिकाका धेरै देश बहुमूल्य धातुका खानीले भरिपूर्ण भए पनि गरिब छन्। नेपालको जलविद्युत् क्षेत्र नेपालको आर्थिक विकासको मार्ग 'डच डिजिज'का रूपमा विकास हुँदै छ।

'डच डिजिज' यही 'रिसोर्स कर्स'को एक विशिष्ट रूप हो। जब कुनै एक प्राकृतिक स्रोतको एक्कासि वृद्धि हुन्छ, अर्थतन्त्र त्यही एउटा स्रोतमा अत्यधिक निर्भर हुन थाल्छ र अन्य उत्पादनशील क्षेत्र कृषि, उत्पादनमूलक र सेवा क्षेत्र उद्योग, पर्यटन उपेक्षित हुन पुग्छन्। लगानी र जनशक्ति पनि त्यही स्रोततर्फ आकर्षित हुँदा अर्थतन्त्रको विविधीकरण असम्भव हुन्छ।

हामीले जलविद्युत्को विकास गर्दा अन्य महत्त्वपूर्ण आर्थिक क्षेत्रलाई सन्तुलित रूपमा अघि बढाउन सकेनौँ र जलविद्युत्मा मात्रै अतिनिर्भर हुन थाल्यौँ भने त्यो 'डच डिजिज'को अवस्था हो। यसले गर्दा जलविद्युत्बाट अपेक्षित आर्थिक विकास हासिल हुनुको साटो अर्थतन्त्रमा नकारात्मक असर पर्छ। त्यसैले, सन्तुलित विकास र अर्थतन्त्रको विविधीकरणमा ध्यान दिनु आवश्यक छ।


दोस्रो, हाम्रो जलविद्युत् क्षेत्रमा एक खुला अर्थतन्त्रका चारवटै क्षेत्रको उल्लेख्य लगानी केन्द्रित भएको छ। १. घरधुरी क्षेत्र अर्थात् आमनागरिकले आफ्नो बचत र पुँजी सेयर बजारमार्फत जलविद्युत् कम्पनीमा लगानी गरेका छन्। २. व्यावसायिक क्षेत्रअन्तर्गत अधिकांश निजी बैंक तथा वित्तीय संस्था, बिमा संस्था र सामूहिक कोषले आफ्नो कर्जाको ठुलो हिस्सा जलविद्युत् परियोजनामा प्रवाह गरेका छन्। ३. सार्वजनिक क्षेत्रका निकायजस्तै कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष र सरकार आफैँले पनि ठुलो रकम जलविद्युत्मा लगानी गरेको छ। ४. बाह्य क्षेत्रबाट पनि विदेशी लगानीकर्ता जलविद्युत्मा आकर्षित भएका छन्।

यसरी अर्थतन्त्रका चारै क्षेत्रको लगानी एउटै क्षेत्रमा अत्यधिक केन्द्रित गर्नुले एक प्रकारको साधनस्रोत 'एकाग्रताको जोखिम' (रिसोर्स कन्सन्ट्रेसन रिस्क) सिर्जना गर्छ। यदि कुनै कारणवश जलविद्युत् क्षेत्रले अपेक्षित प्रतिफल दिन सकेन, परियोजना समयमा सम्पन्न भएनन्, उत्पादित बिजुलीले बजार पाएन वा बाढीपहिरोले परियोजनामा क्षति भएमा यसको नकारात्मक असर केवल जलविद्युत् क्षेत्रमा मात्र सीमित हुँदैन। घरधुरी क्षेत्रको लगानी डुब्ने, बैंक तथा वित्तीय संस्थाको खराब कर्जा बढ्ने, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषजस्ता संस्थाको लगानी डुब्नेजस्ता बहुआयामिक समस्या एकैसाथ देखा पर्नेछन्। यसले समग्र वित्तीय प्रणालीमा अस्थिरता ल्याउनेछ र अर्थतन्त्रै धराशयी हुने जोखिम रहन्छ। त्यसैले, लगानीको विविधीकरण र जोखिम न्यूनीकरणका उपायमा ध्यान दिनैपर्छ।

जब अधिकांश वित्तीय स्रोतसाधन, प्रयत्न र ध्यान एउटै जलविद्युत् क्षेत्रमा अत्यधिक केन्द्रित गरिन्छ, त्यसले अर्थतन्त्रका अन्य उत्पादनशील क्षेत्रमा लगानीको अभाव सिर्जना गर्छ। उद्योगधन्दा, कृषि प्रशोधन र अन्य सेवा क्षेत्र, जसले रोजगारी सिर्जना र दिगो आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्, ती क्षेत्रमा आवश्यक निजी र सार्वजनिक लगानी प्रवाह हुँदैन। लगानीकर्ता बढी प्रतिफलको आशामा वा सरकारी प्राथमिकताका कारण जलविद्युत्तर्फ आकर्षित हुँदा औद्योगिक क्षेत्र उपेक्षित हुन पुग्छ। यो 'डच डिजिज सिन्ड्रोम'को एउटा प्रमुख लक्षण नै हो- प्राकृतिक स्रोत, जलविद्युत्को बाहुल्यले गर्दा अन्य उद्योगधन्दा, कमजोर बन्छन्। यस्तो अवस्थामा, देशको अर्थतन्त्र जलविद्युत् क्षेत्रको आर्थिक प्रदर्शनमा अतिनिर्भर बन्छ।

तेस्रो, उत्पादित विद्युत् प्रमुख निर्यात बजार भारत हो। बंगलादेश निर्यात पनि भारतकै भूमिमार्फत हुने हो। जब बजारमा वस्तुसेवाको खरिदकर्ता एउटा मात्र हुन्छ, त्यसलाई अर्थशास्त्रमा 'मोनोप्सोनी' बजार भनिन्छ। यस्तो बजारमा खरिदकर्ताले वस्तु तथा सेवाको मूल्य निर्धारण गर्छ।

यस सन्दर्भमा, नेपाल विद्युत् विक्रेता र भारत प्रमुख खरिदकर्ता हुँदा भारतले विद्युत् खरिदको मूल्यमा आफ्नो अनुकूलता खोज्नु स्वाभाविक हो। यदि भविष्यमा नेपालले मानौँ २० हजार मेगावाट विद्युत् उत्पादन गऱ्यो, तर भारतले हालको मूल्यभन्दा आधा मूल्यमा मात्र खरिद गर्ने प्रस्ताव राख्यो भने नेपालसँग अन्य तत्काल विकल्प हुँदैन। यस्तो स्थितिमा नेपाल कम मूल्यमा विद्युत् बेच्न बाध्य हुन्छ, जसले भएको लगानी उठाउन समस्या हुन्छ।



त्यस्तै भारतद्वारा एक प्रकारको 'ऊर्जा नाकाबन्दी'को सम्भावना पनि सिर्जना हुन सक्छ, पहिले पेट्रोलियम पदार्थको आयात रोकेर गरेको नाकाबन्दीजस्तै। अब उत्पादित बिजुली खरिद नगरेर वा अत्यन्त न्यून मूल्य प्रस्ताव गरेर अप्रत्यक्ष रूपमा दबाब सिर्जना गर्न सक्छ। यसले नेपालको ऊर्जा सुरक्षा र आर्थिक आत्मनिर्भरतामा गम्भीर चुनौती थप्नेछ।

चौथो, सन् २०४० पछि ऊर्जा क्षेत्रमा ठुलो परिवर्तन आउँदै छ। विशेषगरी, विद्युत् उत्पादनमै क्रान्ति हुँदै छ। सौर्य ऊर्जाको अप्रत्याशितस्तरमा लागत घट्दै छ र लिथियम ब्याट्रीको उच्च भण्डारण क्षमता विकास भइरहेको छ। त्यस्तै, 'मोल्टेन साल्ट रियाक्टर'बाट उत्पादित आणविक ऊर्जा पनि अहिलेभन्दा ६ देखि १० गुणासम्म सस्तो हुनेवाला छ। साथै, यो अहिलेभन्दा धेरै सुरक्षित बन्दै छ। भविष्यमा चन्द्रमाबाट हेलियम ३ ल्याई फ्युजन आणविक ऊर्जा उत्पादन गर्ने योजना मूर्त बन्दै छ। चीनले यस्तो प्रविधिबाट २०३५ सम्ममा आगामी १० हजार वर्षसम्मको ऊर्जा सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। साथै चीनले कृत्रिम सूर्य टोकाम्याकबाट ऊर्जा उत्पादन २०३५ सम्ममा सम्भव गराउँदै छ। यी विकासक्रमले ऊर्जाको भविष्यलाई नयाँ दिशा दिने देखिन्छ।

पाँचौं, ऊर्जा दक्षतामा उल्लेखनीय परिवर्तन आएको छ। विगतमा कोइलाको ऊर्जा दक्षता २३ प्रतिशत र पेट्रोलियमको ४६ प्रतिशतसम्म मात्र थियो। तर, विद्युत्को ऊर्जा ८५ प्रतिशत रहेको छ। अब संसार हाइड्रोजन ऊर्जा प्रविधिमा प्रवेश गर्दै छ, जसको ऊर्जा दक्षता करिब ९६ प्रतिशत हुनेछ। चीनले पाँचौँ पुस्ताको परमाणु ऊर्जा मोल्टेन साल्ट रियाक्टरबाट २० प्रतिशत मात्र बिजुली र ८० प्रतिशत हाइड्रोजन उत्पादन गर्ने महत्त्वाकांक्षी योजना बनाएको छ।

ऊर्जामा नयाँ-नयाँ प्रविधि विकास भइरहेका वेला नेपालले १७.६१ 'इन्क्रिमेन्टल' पुँजी-प्रतिफल रेसियो भएको संसारको सबैभन्दा महँगो जलविद्युत्मा मात्र अत्यधिक लगानी गर्नु मूर्खता हो

भारतले पनि असीमित एकदमै सस्तोमा समुद्रको पानी एलेक्ट्रोलाइसिस गरेर हाइड्रोजन उत्पादन प्रविधिमा सफलता प्राप्त गरेको छ। यी प्रविधिको विकासलाई व्यावसायिकता दिएपछि ऊर्जा उत्पादन र उपयोगको क्षेत्रमा नयाँ युगको सुरुवात हुँदै छ, जहाँ उच्च दक्षता, सस्तो र स्वच्छ ऊर्जा उपलब्ध हुनेछ।

ऊर्जामा नयाँ-नयाँ प्रविधि विकास भइरहेका वेला नेपालले १७.६१ 'इन्क्रिमेन्टल' पुँजी-प्रतिफल रेसियो भएको संसारको सबैभन्दा महँगो जलविद्युत्मा मात्र अत्यधिक लगानी गर्नु मूर्खता हो।

छैटौँ, जलविद्युत् क्षेत्र नेपालमा सबैभन्दा खराब व्यावसायिक सुशासन भएको क्षेत्र हो। हालै धितोपत्र बोर्डले 'प्रमोटर'सँग आइपिओ स्वीकृतिको बदलामा सेयर माग गरेको आरोपमा अख्तियारले छापा मारेको घटनाले यस क्षेत्रको जोखिमपूर्ण अवस्थालाई उदांगो पारेको छ। जलविद्युत् कम्पनीका सञ्चालकले परियोजनाको लागत बढाउने, ७० प्रतिशत बैंकबाट ऋण लिने, ३० प्रतिशत साधारण जनतालाई सेयर जारी गर्ने र बैंकको ऋणबाटै विनालगानी प्रमोटर सेयर हत्याउने गरेका छन्।

यसरी प्राप्त भएको ३० प्रतिशत सेयरबाट धितोपत्र बोर्डका अधिकारीले पाँचदेखि सात प्रतिशतसम्म कमिसन माग्ने गरेको आरोप छ। यो कर्पोरेट भ्रष्टाचार अमेरिकाको 'एनरोन' काण्डभन्दा पनि खतरनाक हुँदै छ। समयमै यसलाई नियन्त्रण नगरे यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्ने निश्चित छ। जलविद्युत् क्षेत्रमा व्याप्त भ्रष्टाचार र कमजोर कर्पोरेट सुशासनले लगानीकर्ताको मनोबल गिराउँछ, वित्तीय संस्थाको जोखिम बढाउँछ र अन्ततः राष्ट्रिय अर्थतन्त्रलाई नै कमजोर बनाउनेछ।

यस्तो जोखिमपूर्ण अवस्थाबाट मुलुकलाई बचाउन तत्काल सुधारका कदम चाल्नु आवश्यक छ। अल्पकालीन उपायमा बैंक, वित्तीय क्षेत्र, पेन्सन फन्ड, सामूहिक लगानी कोष र बिमा क्षेत्रलाई आफ्नो कुल लगानीको १० प्रतिशतभन्दा कम जलविद्युत् क्षेत्रमा लगानी गर्न सीमित गर्नुपर्छ। यसले वित्तीय प्रणालीमा आउन सक्ने जोखिमलाई न्यूनीकरण गर्न मद्दत गर्नेछ।

हाल १० प्रतिशतभन्दा बढी लगानी गरेका संस्थाले आगामी चार वर्षभित्र लगानी १० प्रतिशतभन्दा कममा झार्ने योजना पेस गरी त्यसको इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्छ। त्यस्तै जलविद्युत् कम्पनीको कर्पोरेट सुशासनका लागि कम्पनी ऐनअन्तर्गत छुट्टै निर्देशिका जारी गर्नुपर्छ। यस्तो निर्देशिकामा नियामक निकायले यसको कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था हुनुपर्छ। साथै, प्रमोटरको लगानी सुनिश्चित गर्न कम्पनीले बैंकसँग ऋण आवेदन गर्दा नै कम्पनी रजिस्ट्रार कार्यालयमार्फत राष्ट्र बैंकले प्रमोटरले खरिद गर्न कबुल गरेको सेयरबराबरको रकम बैंकमा जम्मा गरेको प्रमाणित गर्नुपर्ने प्रावधान राख्नुपर्छ। यी उपायले लगानीकर्ताको लगानी र बैंक, वित्तीय संस्था, पेन्सन फन्ड तथा सामूहिक लगानी कोषको रकम सुरक्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछन्।

दीर्घकालीन उपायमा पहिलो, नेपालले जलविद्युत्मा मात्र निर्भर नरही सौर्य, वायु र हाइड्रोजन ऊर्जाको विकास गरेर ऊर्जा विविधीकरण गर्नुपर्छ। यसले ऊर्जा सुरक्षालाई बलियो बनाउनुका साथै एकल स्रोतमाथिको निर्भरता कम गर्छ। दोस्रो, जलविद्युत्बाट प्राप्त हुने लाभलाई औद्योगिक क्षेत्रको विकासमा पुनः लगानी गर्नुपर्छ। यसले रोजगारी सिर्जना र अर्थतन्त्रलाई विविधीकरण गर्न मद्दत गर्छ। तेस्रो, पारदर्शी नियामक निकाय बनाउन जलविद्युत् क्षेत्रको नियमनका लागि एक स्वतन्त्र र पारदर्शी नियामक निकाय स्थापना गरिनुपर्छ। यसले भ्रष्टाचार नियन्त्रण गर्न र कर्पोरेट सुशासन कायम गर्न मद्दत गर्छ। चौथो, जलविद्युत् क्षेत्रका जोखिमबारे आमनागरिकलाई सुसूचित गर्नुपर्छ। यसले लगानीकर्तालाई सही निर्णय लिन मद्दत गर्छ।

जलविद्युत् क्षेत्रको विकास महत्त्वपूर्ण भए पनि यसमाथिको अत्यधिक निर्भरता र अव्यवस्थित लगानीले राष्ट्रिय सुरक्षामा गम्भीर खतरा निम्त्याउँछ। नीति-निर्माता र सरोकारवालाले यो गम्भीरतालाई मनन गरेर समयमै सुधारात्मक कदम नचाले भविष्यमा ठुलो मूल्य चुकाउनुपर्ने हुन्छ।

(भुर्तेल नेपाल खुला विश्वविद्यालयमा अर्थशास्त्र विषय प्राध्यापनरत छन्)

---

३ प्रश्न

नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष **चतुरबहादुर चन्द**लाई



कीर्तिपुर मैदानको स्तरोन्नतिको अवस्था कस्तो छ ?

हामी कीर्तिपुर मैदानको निर्माणमा प्रत्यक्ष संलग्न छैनौँ, बाहिरबाट हेर्ने मात्र हो। सरकारले प्याराफिटको स्तरोन्नतिलगायत कामका लागि 'ग्राउन्ड' 'टेक ओभर' गरेको हो। केही दिनअघि प्रधानमन्त्रीज्यू जानुभन्दा पहिले म पनि पुगेको थिएँ मैदानमा। केही ढिलो भए पनि काम 'फास्ट ट्र्याक'मै भइरहेको छ। फ्लडलाइट जडानका विषयमा हामीसित सल्लाह भएको छैन। अहिले सुनिएअनुसार पुरानो प्रविधिको फ्लडलाइट जडान गर्न टेन्डर भइसकेको छ। हामीले विश्वभर हाल चलिरहेको आधुनिक लाइट जडान गर्नुपर्छ भनेर केही वर्षअघि नै खेलकुद परिषद्लाई सुझाव दिएका थियौँ। तर, त्यसअनुसार भएजस्तो लाग्दैन। तैपनि, जेजति हुँदै छ, त्यो पनि सकारात्मक नै छ।

पछिल्लो समयको नेपाली पुरुष तथा महिला क्रिकेटको अवस्थाबाट कत्तिको आशावादी बन्न सकिएला ?

नयाँ कोचले पुरुष खेलाडीलाई तिखार्ने काम गर्दै हुनुहुन्छ। गएको वर्ष हामी अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा केही पछि परे पनि अहिले पुनः सुधार देखिँदै छ। महिला टिमका लागि पनि कन्सल्टेन्ट कोच राखेका थियौँ। त्यसले पनि परिणाम सकारात्मक दिइरहेको छ। यसबाट पनि भविष्यका लागि थप आशावादी बन्न सकिन्छ।

नेपाली क्रिकेटलाई थप उचाइ दिन क्यानले के गर्दै छ ?

पूर्वाधार विकासका लागि हामीले सरकारलाई भनिरहेका छौँ र सरकारले पनि क्रमिक रूपमा विभिन्न स्थानमा त्यसका लागि लगानी गरिरहेको छ। हामीसँग सल्लाह नभए पनि पूर्वाधार विकासको अहिलेको अवस्थाबाट केही हदसम्म उत्साहित हुन सकिन्छ। पछिल्लो समयमा बंगलादेश, श्रीलंकालगायत राष्ट्रसँग अन्तर्राष्ट्रिय सिरिजका लागि संवाद भइरहेको छ। रिजल्ट छिट्टै बाहिर आउन सक्छ। यसका साथै घरेलु लिगलाई निरन्तरता दिने, नयाँनयाँ खेलाडी तयार गर्ने कार्यमा क्यान निरन्तर लागिपरेको छ।

प्रेरक प्रसंग

दोस्रो उपाय

दुई बालक घरदेखि केही पर खेलिरहेका थिए। खेल्नमा मस्त दुईमध्ये एक बालक नजिकै रहेको गहिरो इनारमा भूलवश खस्न पुगे। इनारमा खसेका बालक बचाऊ बचाऊ भनेर चिच्याउन थाले। बाहिर रहेका बालक पनि निकै डराए। उनी पनि सहयोगको आग्रह गरी चिच्याउन थाले। तर, सुनसान स्थान भएकाले उनीहरूको आवाज कसैले सुनेन। जसले गर्दा उनीहरूले कसैबाट सहयोग पाउने सम्भावना देखिएन।



यत्तिकैमा बाहिर रहेका बालकले नजिकै एउटा डोरीसहितको बाल्टिन देखे। उनले तत्काल डोरीको एक छेउनजिकै रहेको ढुंगामा बाँधे र बाल्टिन भएको भाग इनारमा खसाले। इनारमा खसेका बालकले बाल्टिन बलियोसँग समाते। बाहिर रहेका बालक आफ्नो भएभरको तागत लगाएर डोरी तान्न थाले। केही समयमा इनारमा खसेका बालकलाई बाहिर निकालेर बचाउन उनी सफल भए। जब गाउँ पुगे, तब उनीहरूले त्यहाँ भएको घटना परिवारका सदस्यलाई बताए। तर, कसैले पनि उनीहरूको कुरामा विश्वास गरेनन्। एक गाउँलेले उनीहरूको कुरा सुनिसकेपछि भने- बाबु, तिमी एक बाल्टिन पानी त तानेर बाहिर निकाल्न सक्दैनौ भने आफूजत्रै साथीलाई तानेर कसरी बाहिरन निकाल्न सक्छौ ? तिमीहरू दुवै किन हुनै नसक्ने कुरा गरेर झुटो बोलिरहेका छौ हैँ ? के तिमीहरू हामीलाई उल्लु बनाउन खोज्दै छौ हो ?

ती गाउँलेको कुरा सुरिहेका एक वृद्धले भने- यी बालकले बिल्कुलै सही भनिरहेका छन्। किनकि, त्यहाँ यिनका लागि दोस्रो कुनै उपाय नै थिएन। साथै, त्यहाँ उनलाई यो काम तिमीले गर्न सक्दैनौ भनेर उनको क्षमताको सीमा सम्झाइदिने मान्छे पनि कोही थिएन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

एमालेभित्रको रमिता

यतिखेर कुनै दलभित्र रमाइलो छ भने एमालेभित्र छ। एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओली यतिखेर सबैभन्दा बढी छटपटीमा छन्। यतिखेर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टी नेताकै हैसियतमा देश दौडाहामा व्यस्त देखिन्छिन्। उनको दौडाहाले अध्यक्ष ओलीमा औडाहा छुटाइरहेको छ। पार्टीका जनवर्गीय संगठनका अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गर्न अध्यक्ष ओलीको निर्देशनविपरीत प्रतिनिधिले निर्वाचन गराइछाड्ने अडान लिएर उनको निर्देशनको अवज्ञा गरिरहेका छन्। यस्तोमा अहिले एमाले भित्रभित्रै दुई खेमामा ध्रुवीकृत हुँदै गएको देखिन्छ। एमाले नेताहरूको यो रडाको हामी बाहिर बसेर हेर्ने रमितेका लागि बडो रमिताको विषय बनिरहेको छ।

● **गोपी महतरा**, कपुरधारा, काठमाडौँ

सकारात्मक पहल

राज्य व्यवस्था तथा सुशासन समितिले अबका दिनमा बाबुको नाम उल्लेख नगरी आमाको मात्र नामबाट नेपाली नागरिकता लिन सकिने व्यवस्थासहितको ऐनमा सहमति जुटाएको समाचार पढ्दा खुसी लाग्यो। यस्तो व्यवस्थासहितको ऐन आएपछि आगामी दिनमा बाबु पत्ता नलागेको अवस्थाका धेरै नेपालीले आमाको नामबाट नागरिकता लिन पाउनेछन्। जसले गर्दा उनीहरूले आगामी दिनमा आफ्नै देशमा अनागरिक भएर बस्नुपर्नेछैन। यो व्यवस्था अत्यन्त सकारात्मक छ। यसले आमाहरूको सम्मान गर्नेछ।

● **कोपिला थारू**
सानोठिमी, भक्तपुर

तनाव बढाएर काम छैन

यतिखेर संघीय राजधानीसमेत रहेको काठमाडौँ महानगरपालिकाभित्र राजनीतिक रस्साकस्सी निकै बढेको देखिन्छ। एकातिर स्वतन्त्र मेयर बालेन्द्र साह छन् भने अर्कातिर उपमेयरसहित वडाध्यक्षहरू छन्। जसले गर्दा महानगरको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तयारीमै गम्भीर असर परेको छ। यतिखेर मेयर र अर्को पक्षमा रहेका जनप्रतिनिधिले विवेक नपुऱ्याउने हो भने स्थानीय तहप्रतिको जनविश्वास धुमिल हुनेछ। त्यसैले, सम्बन्धित सबैले यस विषयमा तनाव बढाउने काम नगरून्।

● **शोभम मैनाली**
तहाचल, काठमाडौँ

देश जोड्ने नेताको खाँचो

२७ जेठको नयाँ पत्रिकामा गार्जियनबाट अनूदित 'किन विवादमा तानिए क्यानडाका प्रधानमन्त्री कार्नी ?' शीर्षकको टिप्पणी पढेँ। यदि हरेक देशले अर्को देशमा अलगाववाद सञ्चालन गर्न थाले भने कुनै पनि देश टुट्नबाट बाँकी रहँदैनन्। ब्रिटेनले भारतलाई तोड्यो। भारतले पाकिस्तानलाई तोड्यो। अमेरिकाले रुसी संघलाई तोड्यो। सुनिन्छ कि अब अमेरिकाको नजर चीन र भारतलाई तोड्नेमा छ। यो सिलसिला कहाँ गएर रोकिएला ? रोकिएन भने कुनै दिन अमेरिका पनि अछुतो रहन सक्दैन। त्यस वेला जर्ज अरवेलको उपन्यास 'नाइन्टिन एटिफोर' सत्य साबित हुनेछ।

असहमति र असन्तुष्टि, शोषण र विभेद प्रत्येक देशमा मौजुद छन्। त्यस आधारमा यदि देशलाई विभाजित गर्न थालियो भने कहीँ पनि पुग्न सकिन्न। कुशल प्रजातन्त्रमा सबै असहमत मत-मतान्तरलाई समेट्ने र सम्बोधन गर्ने शक्ति निहित हुन्छ। समृद्धि सबैले आफ्ना ऊर्जा सँगै मिलेर देशनिर्माणमा लगाउन सके सम्भव हुन्छ, न कि अरूको उक्साहटमा विभाजन ल्याउनाले। ट्रुडोले आतंकवादीबाट 'हाइज्याकिङ'मा भएको आफ्नै देशका नागरिकको मृत्युलाई भुले। भारतलाई आफ्नो देशको कट्टर विरोधी बनाए। यदि निज्जरको हत्या भारतले गरेको भए पनि उनी एक आतंकी थिए। कार्नीले मोदीलाई निमन्त्रण गरेर 'कोर्स करेक्सन' त गरेका छन्। उनले चीनसँग पनि संवाद गर्ने नै छन्। यस्तै नेताको जरुरत त आज दुनियाँलाई छ, न कि ट्रम्पजस्ता नेताको।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्रधानमन्त्रीलाई बालिकाको पत्र

प्रधानमन्त्रीज्यू, एकपटक इँटाभट्टामा जकडिएको जिन्दगी नियाल्न हाम्रा 'झ्याउली'हरूको अवलोकन गरिदिनुभए हुन्थ्यो नि !

श्री सम्माननीय प्रधानमन्त्रीज्यू,
बालुवाटार, काठमाडौँ।

मेरो घर उदयपुर जिल्लामा पर्छ। तर, श्रमको सिलसिलामा म हाल परिवारसँगै भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका-८, जगातीमा बस्दै आएकी छु। म सूर्यविनायककै सिपाडोलमा रहेको गणेश माविमा कक्षा १० मा अध्ययनरत छु। म इँटाभट्टामा काम गर्ने बालिका अर्थात् बालश्रमिक पनि हुँ।

गरिबीबाट आक्रान्त जिन्दगी जिउने विकल्प खोज्दै यहाँका इँटाभट्टामा मजदुरी गर्न गाउँ, छाप्रो, पाखा, पखेरा छाडेर झ्याउलीको बसाइँमा रमाउन बाध्य भएका हौँ हामी। रहर कसलाई छ र आफ्नो गाउँ छाडेर यो सहरमा मजदुरी गर्न आउनलाई ? तर, जसोतसो बाँच्नु त पऱ्यो नि, होइन र ? गरिबका लागि बाँच्नु नै कठिन संघर्ष रहेछ। भोको पेट भर्न र आङ ढाक्नकै लागि हामीले वर्षमा झन्डै ६ महिना इँटाभट्टाको हिलो, धुलो र धुवाँ झेल्नुपर्छ। गरिबका धेरै सपना कहाँ हुन्छन् र ? परिवारका लागि भरपेट खाना र एकसरो नाना लगाउन पाए त पुगिहाल्यो नि, होइन र ? गाउँमै रोजगारी पुग्थ्यो भने, गाउँमै सीप पुग्थ्यो भने, गाउँका भिरपाखामा आधुनिक र विकासे कृषि प्रणाली पुग्थ्यो भने यहाँ को आउँथ्यो र, प्रधानमन्त्रीज्यू ? यहाँ आउनु हाम्रो रहर होइन, बाध्यता हो। आफ्नो परिवारको गुँड बोकेर ६ महिनाका लागि इँटाभट्टामा काम गर्न आउने हजारौँ श्रमिकको व्यथा उस्तैउस्तै नै छन्। बालबालिका तिनै आमाबाबुको पछि लागेर उनीहरूसँग आउँदा यहाँ दुई-चार हजार बढी कमाइएला कि ? दसैँमा लिएको ऋण तिर्न पुग्ला कि भन्ने आशामा आफ्ना पढ्ने, खेल्ने रहरलाई आफ्नै पैतालाले कुल्चिँदै बालश्रममा जाकिनु हाम्रो रहर होइन, बाध्यता हो। यो म र मेरो परिवारको मात्रै होइन, अधिकांश इँटाभट्टाका मजदुरको पीडा हो।

मंसिरमा इँटाभट्टामा आऊ, चैत-वैशाखमा आफ्नो श्रमको मूल्य लिएर गाउँ फर्क। यो धेरैको नियति हो। ६ महिना इँटाभट्टामा र ६ महिना गाउँमा बस्ने बालबालिकाको पढाइ कस्तो होला ? इँटाभट्टाको कालो धुवाँ, धुलो र हिलोले बालबालिकाको स्वास्थ्यमा कति असर पर्ला ? त्यो भोग्ने परिवारलाई मात्रै थाहा छ। त्यसमाथि पनि नाइकेले खाने कमिसन, पानी परेर बनाएको इँटा बिग्रिएमा खेर जाने मिहिनेत,



जाडोको तुसारोमा बिहान चार बजेदेखि इँटा बनाउने साँचोमा माटोकै डल्ला पछार्न कति गाह्रो हुन्छ भन्ने त भोग्नेलाई मात्रै थाहा हुन्छ।

कठ्यांग्रिँदा चिसोमा जस्ताले छाएको सानो छाप्रो, जहाँ उभिँदा पनि ठोकिन्छ, निहुरिएर टुक्रुक्क बस्नुपर्छ। प्रधानमन्त्रीज्यू, कहिलेकाहीँ त लाग्छ, यो साँघुरो झ्याउलीजस्तै साँघुरिएको छ हाम्रो जिन्दगी पनि। साँघुरो झ्याउलीमा त्यहीँ पकाऊ, त्यहीँ खाऊ, त्यहीँ परिवारै सुतेर रात कटाऊ, कति कठिन होला, त्यो पीडा हामीजस्ता श्रमिक परिवारले मात्रै बुझेका छौँ।

धेरै बालबालिका आमाबाबुसँगै इँटाभट्टामा पुग्छन्, कैयौँ बालबालिका गाउँमा एकछाक राम्ररी खान पनि नपाउँदा पैसा कमाउने चाहनाले नाइकेको भरमा परेर इँटाभट्टामा पुग्छन्। जो जसरी पुगे पनि पीडा त एउटै हो, भोग्नु त परी नै हाल्छ। हामी बालश्रमिकले इँटाभट्टामा कहाँ पढ्न पाउँछौँ र ? पढ्न पाउने कतिपयले सरकारी विद्यालयले लिने शुल्क तिर्न नसक्दा परीक्षा दिन नपाउने अवस्था सिर्जना भएका धेरै बालबालिका छन्। ६ महिना हो, राम्ररी पढ्ने भनेको। अरू वेलामा त इँटा बनाउने हिलोसँगै जिन्दगी मुछिरहनुपर्छ, प्रधानमन्त्रीज्यू। पढेर ठुलो मान्छे बन्ने चाहना र भाग्य त हाम्रा पाखुरा बजारेर बनेका इँटासँगै बिक्री हुन्छ। जे भागिरहेका छौँ, त्यही नै हो जिन्दगी भनेर दिन कटाउनुको विकल्प छैन।

इँटाभट्टामा महिलाले मात्रै होइन, हामी बालिकाले भोग्ने हिंसाको छुट्टै कथाव्यथा छन्। कैयौँ महिला पनि हिंसामा परेका छन्। हामीजस्ता बालिका र किशोरीले यहाँका श्रमिक, नाइके, चालक तथा सहचालकबाट कतिखेर हिंसा व्यहोर्नुपर्छ पत्तै हुँदैन। सुतिरहेको झ्याउलीभित्र कैयौँ बालिकाको बालापन खोसिएको छ। कैयौँ बालिका र महिला बलात्कारको सिकार हुनुपरेको छ। स्वास्थ्यको अवस्था निकै नाजुक छ। इँटाभट्टामै कैयौँ रोग शरीरमा पस्छन्, पत्तै हुँदैन। पीडैपीडाले भरिएको छ, दुईछाक टार्न जोहो गर्ने श्रमिकको जिन्दगी।

प्रधानमन्त्रीज्यू, एकपटक इँटाभट्टामा जकडिएको जिन्दगी नियाल्न ती झ्याउलीहरूको अवलोकन गरिदिनुभए हुन्थ्यो नि !

प्रधानमन्त्रीज्यू, देशको संविधानअनुसार शिक्षा, स्वास्थ्य र रोजगारीको दायित्व त सरकारकै होइन र ? गाउँमै रोजगारी पुग्थ्यो भने इँटाभट्टाको झ्याउलीमा किन आउनुपर्थ्यो र ? श्रममा परेका बालबालिकाका अभिभावकलाई परेको रोजगारीको समस्याबाट मात्रै मुक्त गराइदिए पनि बालबालिका श्रममा जानुपर्ने थिएन। बालबालिकाले स्वतन्त्र भएर पढ्न पाउने थिए। प्रधानमन्त्रीज्यू, के अब साँच्चै ती अभिभावकलाई बाँच्ने आधारभूत समस्याबाट मुक्त गराउन सरकार लाग्छ त ? आशा गरेको छु, यो पत्र तपाईंले पढ्नुहुनेछ र श्रमिक परिवार तथा श्रममा जेलिएका बालबालिकाको समस्या समाधानमा तपाईं लाग्नुहुनेछ। बालबालिकाको कलिलो उमेरमा रमाउने, खेल्ने, पढ्ने चाहना अब इँटाभट्टको धुँवासँगै उड्नेछैनन्, श्रममा परेका बालबालिकाको अधिकार हनन हुनेछैन, उनीहरू अधिकारबाट वञ्चित हुनेछैनन् भन्ने ठुलो अपेक्षा राखेकी छु।

प्रधानमन्त्रीज्यू, हामीजस्ता श्रममा परेका बालबालिकालाई विद्यालयमा निःशुल्क शिक्षाको व्यवस्था गरिदिनुपऱ्यो। बालश्रमविरुद्ध ऐन, नियम, कानुन बनाउनुका साथै बनेका कानुनलाई कार्यान्वयनमा ल्याउनुपऱ्यो। १६ वर्षमाथिका बालबालिकालाई स्वरोजगारमूलक सीप दिनुपऱ्यो। विद्यालयमा बालबालिकालाई घोकन्ते होइन, सीपमूलक र प्राविधिक शिक्षा प्रदान गर्नुपऱ्यो। यति मात्रै भए पनि धेरै हदसम्म बालश्रम हट्छ। यसले भोलिको देश सबल र सक्षम बनाउन धेरै मद्दत पुग्छ। आशा गरेको छु, यो पत्र पढेर हाम्रो समस्या समाधानमा यहाँले ध्यान दिनुहुनेछ।

● **पुष्पा मगर**
सूर्यविनायक-८, भक्तपुर

ट्रम्पले कसरी गर्दै छन् शक्तिको दुरुपयोग ?

ट्रम्पको 'प्रहरी राज्य'को पहिलो चरण लस एन्जलसमा कार्यान्वयन हुँदै छ। लस एन्जलसमा नेसनल गार्डको तैनाथीले अमेरिकालाई एक चिरपरिचित अधिनायकवादी मार्गमा अघि बढाएको छ।



रोबर्ट राइस
(अमेरिकाका पूर्वश्रममन्त्री राइस युनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कलेका अवकाशप्राप्त प्राध्यापक हुन्)



डोनाल्ड ट्रम्पलाई आफ्नो शक्ति प्रदर्शनका नयाँ-नयाँ उपायको कहिले कमी नहुने रहेछ। अहिले भन्सार शुल्कमा विराम लागेको, उनको भाषामा 'विशाल, सुन्दर बिल (विधेयक)' मा गतिरोध देखिएको र अति घनिष्ट अरबपति 'टेक ब्रो'(प्रविधि उद्योगका मालिक) नै उनीविरुद्ध लागेका वेला उनले शक्ति प्रदर्शनको नयाँ मार्ग फेला पारेका छन्। शुक्रबार बिहान अमेरिकाको अध्यागमन तथा भन्सार प्रवर्तनकारी निकाय 'इमिग्रेसन एन्ड कस्टम्स इन्फोर्समेन्ट(आइसिई)' को आह्वानमा संघीय गृह मामिला हेर्ने 'डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी (डिएचएस)', एफबिआई र 'ड्रग इन्फोर्समेन्ट एड्मिनिस्ट्रेसन (डिइए)'का संघीय एजेन्टहरूले लस एन्जलस सहरमा व्यापक छापा मारे।

शुक्रबार मुख्यतः कागजातविहीन आप्रवासी काम गर्ने सम्भावित कार्यस्थलमा छापा मारिएका थिए। फरक-फरक तथ्यांक बाहिरिए पनि धेरै स्रोतले त्यस क्रममा १२१ जना आप्रवासी पक्राउ गरेको बताएका छन्। तर, लगत्तै संघीय एजेन्टविरुद्ध प्रदर्शन भयो। प्रदर्शनकारीले एजेन्टविरुद्ध नाराबाजी गर्नेदेखि अन्डा फ्याँकेर विरोध जनाए। दंगा रोक्दा लगाउने पोसाक लगाएका र ढाल तथा लाठी बोकेका प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पारेका थिए। प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पार्न खुर्सानीको धुलोयुक्त गोला, अश्रुग्यास र स्टन ग्रिनेड प्रयोग गरेका थिए।

शनिबार ट्रम्पले सहरमा थप टकराव बढाउने गरी लस एन्जलस काउन्टीमा प्रदर्शनकारीलाई दबाउन कम्तीमा दुई हजार नेसनल गार्ड तैनाथ गर्न आदेश दिए। अमेरिकामा 'नेसनल गार्ड' राज्यको नियन्त्रणमा रहने सैन्य बल हो, जुन आवश्यक पर्दा संघीय मिसनमा तैनाथ गर्न सकिन्छ। ट्रम्पले नेसनल गार्ड तैनाथीको घोषणा गर्दा अध्यागमन अधिकारीको काममा अवरोध पुऱ्याउने सबै प्रकारका प्रदर्शनलाई राज्यविरुद्धको 'विद्रोह' मानिने बताएका छन्।

ह्वाइट हाउसका डेपुटी चिफ अफ स्टाफ स्टिफन मिलरले ट्रम्पकै भनाइलाई जोड दिँदै लस एन्जलसमा जारी विरोध प्रदर्शनलाई 'विद्रोह'को संज्ञा दिए। त्यस्तै शनिबार साँझ अमेरिकाका रक्षामन्त्री पिट हेगसेथले हाल ड्युटीमा रहेका नौसेना परिचालन गर्नेसम्मको धम्की दिएका छन्। 'आइसिई र संघीय कानुन प्रवर्तनमाथि हिंसात्मक भिडको आक्रमण गरेको छ। यो आक्रमण हाम्रो भूमिबाट आपराधिक क्रियाकलापमा संलग्न अवैध आप्रवासीलाई निकाल्न रोक्ने उद्देश्यले गरिएको छ। यो आपराधिक कार्टेलको (उर्फ विदेशी आतंकवादी संगठनहरू) सहयोगमा भइरहेको खतरनाक आक्रमणम र एक ठुलो राष्ट्रिय सुरक्षा जोखिम हो। राष्ट्रपति ट्रम्पको नेतृत्वमा संघीय एजेन्टहरू र संघीय सुविधाविरुद्ध हिंसा र विनाश सहन गरिनेछैन,' हेगसेथले भने।

अहिले लस एन्जलस सहर र त्यसअघिका केही घटनामा जे भयो, त्यो खासमा ट्रम्पको प्रहरी राज्यको पहिलो चरणमा हुने क्रियाकलाप हो। गत हप्ता सान डिएगो, त्यसअघि मार्थाको अंगुरबारी र त्योभन्दा पहिले वर्कसायरमा भएका छापाको विरोध भएका थिए। त्यहाँ आममानिसले आप्रवासी कामदारलाई हिरासतमा लिने संघीय एजेन्टविरुद्ध आक्रोश व्यक्त गरेका थिए।

ट्रम्पको जालमा संघीय अदालतसमेत समावेश भएका छन्। आइसिई अधिकारी अमेरिकाभरका अदालतबाहिर तैनाथ भइरहेका छन्। तिनले न्यायाधीशहरूले सुरक्षा दिएका आप्रवासीलाई समेत तुरुन्तै पक्राउ गरिरहेका छन्। इतिहासले देखाउँछ कि अधिनायकवादी शासकले एकपटक प्रहरी राज्यको पूर्वाधार स्थापना गरिसकेपछि उक्त पूर्वाधार जोकोहीमाथि पनि आइलाग्न सक्छ।

ट्रम्प प्रशासनले निम्न पाँच चरणमा द्रुत गतिमा पूर्वाधार सिर्जना गर्दै छन् :

(१) तथाकथित 'विद्रोह', 'राज्य विप्लव' वा 'बाह्य आक्रमण' भन्दै आपत्काल घोषणा गर्ने।

(२) यही 'आपत्काल'लाई प्रयोग गरेर देशभित्रका नागरिकविरुद्ध संघीय एजेन्ट (आइसिई, एफबिआई, सडइए र नेसनल गार्ड) प्रयोग गर्ने बाटो खोल्ने।

(३) उल्लिखित सैन्यीकृत संघीय एजेन्टहरूलाई मानिसको अपहरण र वारेन्टविना गिरफ्तारी गर्न अनुमति दिने र उचित कानुनी प्रक्रियाविना मानिसलाई हिरासतमा राख्न दिने।

(४) पक्राउमा परेकाहरूलाई राख्न जेल र हिरासत शिविरहरू विस्तार गर्ने ।

(५) अन्ततः परिस्थिति बिग्रिँदै गएपछि सैन्य कानुन (मार्सल ल) घोषणा गर्ने।

अहिलेसम्म सैन्य कानुन लागू भइसकेको छैन, त्यो राहतको कुरा होला। तर, एकपटक लागू भइसकेपछि, प्रहरी राज्यको पूर्वाधार आफैं फैलिँदै जान सक्छ। प्रहरी राज्य लागू गर्ने अधिकार पाएका अधिकारीहरू तथा पूर्वाधारहरूले (आन्तरिक मिलिसिया, ड्र्यागनेट, हिरासत शिविरहरू र मार्सल ल) आफ्नो अधिकार प्रयोग गर्न विभिन्न अवसर खोज्छन्। बिस्तारै नागरिक नियन्त्रणले सैन्य नियन्त्रणको बाटो लिन थालेपछि राष्ट्र यसको पक्ष र विपक्षमा विभाजित हुनेछ। तानाशाहीले यस ध्रुवीकृत दुवै पक्षमा डर र क्रोध जगाएर आफूलाई स्थापित गर्छन्। अहिलेसम्म, ट्रम्पको प्रहरी राज्यविरुद्ध बलियो प्रतिरोध भनेको अमेरिकाको संघीय अदालत र बृहत्तर शान्तिपूर्ण विरोध मात्र हुन्।

यसै परिप्रेक्ष्यमा आगामी शनिबार प्रदर्शन आयोजना गरिँदै छ। प्रतिरोध अत्यावश्यक छ। यो शान्तिपूर्ण रहोस् भन्नेमा प्रदर्शनकारी सचेत हुनुपर्छ। अमेरिकीले यो अत्याचारविरुद्ध उभिने संकल्प प्रदर्शन गर्नुपर्छ। अमेरिकीलाई ट्रम्पको प्रहरी राज्यको उदाउँदो पूर्वाधार र यसको प्रतिरोधको महत्त्वबारे जानकारी गराउनैपर्छ।

गार्जियनबाट

इतिहासमा आज

जुन १२



सन् १९६४ : रंगभेद शासनविरुद्ध संघर्षरत दक्षिण अफ्रिकी नेता नेल्सन मन्डेला र अन्य सातजनालाई आजीवन कारावासको सजाय दिइयो।

सन् १८९७ : तत्कालीन ब्रिटिस इन्डियाको हिस्सा असममा ८.३ रेक्टर स्केलको शक्तिशाली भूकम्प आयो।

सन् १८९८ : जनरल एमिलियो एगुनाल्डो तथा फिलिपिनो क्रान्तिकारी फौजले औपचारिक रूपमा स्पेनको औपनिवेशिक शासनबाट स्वतन्त्र भएको घोषणा गरे। सोही वर्ष डिसेम्बर १० मा स्पेनले सम्झौता गर्दा फिलिपिन्स अमेरिकालाई सुम्पिएपछि त्यहाँ पुनः अमेरिकी शासन सुरु भयो।

सन् १९०१ : अमेरिकी सेना नफर्किने देखेपछि क्युबाले अमेरिकाले प्रस्ताव गरेको प्ल्याट संशोधन स्विकार्दै अमेरिकी संरक्षित राज्य बन्न सहमति जनायो।

सन् १९९१ : सोभियत संघको सबैभन्दा ठुलो हिस्सा 'रुसी सोभियत संघीय समाजवादी गणतन्त्र'मा पहिलोपटक सर्वदलीय राष्ट्रपतीय चुनाव भयो। चुनावमा कम्युनिस्ट उम्मेदवारलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार बोरिस एल्तसिन राष्ट्रपति बने।

सन् २०१८ : उत्तर कोरियाली नेता किम जोङ-उन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबिच सिंगापुरको क्यापेला होटेलमा भेटवार्ता भयो। यो कुनै पनि उत्तर कोरियाली नेता र सत्तासीन अमेरिकी राष्ट्रपतिबिचको पहिलो भेटवार्ता थियो।

चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८२/०२/२९

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधन जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८२/०३/१२ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

तपसिल

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Mahindra Scorpio S4 2.2	२०१५	बा १३ च ९७	लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल
२.	Mahindra Scorpio S4 2.2	२०१७	बा १७ च ४४६२	कोशी प्रादेशिक कार्यालय, बिराटनगर
३.	TATA Sumo Gold EX	२०१७	बा १७ च ४७५७	राजविराज शाखा, राजविराज
४.	Yamaha Saluto	२०१७	बा ९१ प ४६७४	हल्दीबारी शाखा, झापा

शर्तहरुः

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम वा रु. १,०००/- प्रति सवारी साधन जुन बढी हुन आउछ सो रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटिपथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०८२/०३/१३ गते बैंकको नारायणहिटिपथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय
जलश्रोत तथा सिंचाई विभाग
सिक्टा सिंचाई आयोजना
नेपालगंज, बाँके

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८२/०२/२५

यस आयोजनाबाट मिति २०८१/१२/२९ मा "सौर्य दैनिक" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना तथा मिति २०८२/०२/१५ गते "राजधानी" पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना अनुरुप मिति २०८२/०२/२२ गतेका दिन खोलिएका तपसिल बमोजिमका ठेक्काहरूको आर्थिक प्रस्ताव मूल्यांकन गर्दा देहायका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र सं	ठेक्का नं.	योजनाको नाम	न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता	कबोल अंक (PS & VAT साहित)
१	SIP/CAP (GK/PK)/ NCB-17/081-82	Command area protection works at Geruwa khola and paruwa khola, Banke	Bishal/Hari J/V, Kathmandu	३,३५,९६,०८७।७५
२	SIP/CAD/ PSBC1/ NCB-18/081-82	Construction of Persenipur Sub-Secondary Canal S4/SS1(0+000 to 3+800) and its Associated Structures, Sikta Irrigation Project, Banke	PES/SR J.V., Kathmandu, Nepal	६,०९,९८,६३५।६३
३	SIP/WMC/ NCB-20/081-82	Supply, Fabrication, Erection and Commissioning of Regulation Gates and Accessories of Canals	Grow Up - Maa Durga JV, Nepalgunj-18, Banke	२,२५,३२,८९५।१६
४	SIP/CAP/ NCB-21/081-82	Command Area Protection Work using Innovative River Technology (Fabric Form Concrete) at Left Bank of Rapti River	Ramechhap Sherpa Construction (P.) Ltd., Mahankal, Boudha-6, Kathmandu	८,४४,७८,९५८।३३
५	SIP/CAD/ EMC-S3/ NCB-22/081-82	Construction of S3 Branch Canal of EMC Ch. 0+450 to Ch. 2+400, Sikta Irrigation Project, Banke	PES-SR JV, Kathmandu, Nepal	३,४६,४७,२९९।१३
६	SIP/CAD/ EMC-S4/ NCB-23/081-82	Construction of S4 Branch Canal of EMC Ch. 0+235 to Ch. 2+400, Sikta Irrigation Project, Banke	B3-Lok JV, Lamahi, Dang	३,४४,०९,४०१।३२
७	SIP/LIFT/ EMC-S1234/ NCB-24/081-82	Construction of Lift Irrigation System at EMC-S1, S2, S3 and S4 areas, Sikta Irrigation Project, Banke.	Prithivi-KC JV, Madhuban, Bardiya	४,०७,९६,५३९।२७

आयोजना निर्देशक

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२/०२/२९ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझ्काउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझ्काउन पटक-पटक मौखिक तथा लिखित रुपमा तर ताकेता, कर्जा बुझ्काउने बारे २१(एक्काईस) दिने सूचना र धितो लिलाम बिक्री हुने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८१/०३/१४ मा सौर्य दैनिक र मिति २०८१/०२/१० मा कारोवार आर्थिक दैनिकमा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित १५(पन्ध्र) दिन भित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

धितो लिलाम बिक्री हुने मितिः २०८२ साल असार महिना १५ गते, **सम्बन्धित कार्यालयः** कृषि विकास बैंक लिमिटेड, शाखा कार्यालय नारायणगढ, चितवन।
लिलाम हुने स्थान/कार्यालयः कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय भरतपुर।

ग्राहकको विवरण

१. **ग्राहकको नामः** लोहनी एण्ड ब्रदर्श प्रा. लि., **दर्ता भएको कार्यालयः** कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं, **कम्पनीको दर्ता नं.:** ९६९२/०५५/०५६, **दर्ता मितिः** २०५५/०९/१२, **पान नं.** ३०००११३०४

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल ठेक्का कर्जा तथा बैक जमानत सुविधा	रामचन्द्र भण्डारी	चितवन	शिवनगर	०७क	२१, २२, ४०१, १९२३	०-२-१०.२५-०, ०-२-१५.२५-०, ०-९-१०.५०-०, १७६०.८७ (व.मी.)
	खोपनिधी लोहनी	चितवन	कल्याणपुर	०७ग	१७७०	०-१-१५-० (घर समेत)
	खोपनिधी लोहनी	चितवन	कल्याणपुर	०६ख	२२६	०-६-३-०

संचालकको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
खोपनिधी लोहनी	भरतपुर-०७	१४३२	चितवन/२०३८/०१/१८/जिल्ला प्रशासन कार्यालय	खिमनिधि लोहनी	कृष्ण निधी
शंकर प्रसाद लोहनी	भरतपुर-०७	९३९	चितवन/२०३४/११/१०/जिल्ला प्रशासन कार्यालय	खिमनिधि लोहनी	कृष्ण निधी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु	बाजे
रामचन्द्र भण्डारी	शिवनगर-०७	३१४	काठमाडौं/२०३१/०४/०९/जिल्ला प्रशासन कार्यालय	लोकनाथ भण्डारी	हेमलाल भण्डारी

२. **ग्राहकको नामः** जि.एम.आर. कन्स्ट्रक्सन नेपाल प्रा.लि., **दर्ता भएको कार्यालयः** कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं, **कम्पनीको दर्ता नं.:** १८४७०७/०७४/०७५, **दर्ता मितिः** २०७४/११/१५, **पान नं.:** ६०६७६९८३५

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
सरल ठेक्का कर्जा तथा बैक जमानत सुविधा	नरनिधि पाण्डे	चितवन	गर्दी	०४ख	२४५, २३८, ५४८, २४२	०-१-३-०, ०-५-१-०, १७९४.७३ (ब.मी.), ०-५-१०-०
	सरास्वती पाण्डे	चितवन	गर्दी	०४ख	२४०, २५४, ५४९, २३७, २४३, २५२	०-७-०.५-०, ०-०-८-०, १७९४.७३ (ब.मी.), ०-५-१.५-०, ०-५-१०-०, ०-२-१७.५-०
	कमल कान्त पौडेल	चितवन	शिवनगर	०९	४१४, ९४०	०-४-०-०, ०-४-०-०

संचालकको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबुको नाम	बाजेको नाम
गणेश पाण्डे	माडी-०१	७०९/०४४	चितवन/२०५७/०७/२२/जिल्ला प्रशासन कार्यालय	नुरनिधि पाण्डे	धिरनिधि

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु/पति	बाजे/ससुरा
मदन राज पाण्डे	माडी-०१	०४३११२	चितवन/२०६५/१०/२२/जिल्ला प्रशासन कार्यालय	नुरनिधि पाण्डे	धिरनिधि
बसन्त राज पाण्डे	माडी-०१	७११/०४४	चितवन/२०६२/०५/१२/जिल्ला प्रशासन कार्यालय	नुरनिधि पाण्डे	धिरनिधि
कमलकान्त पौडेल	भरतपुर-१४	२०४८/०३५	चितवन/२०४८/०७/२७/जिल्ला प्रशासन कार्यालय	कपिल प्रसाद पौडेल	बालकृष्ण
सरास्वती पाण्डे	माडी-०१	९०७/०५८	चितवन/२०५८/०२/०१/जिल्ला प्रशासन कार्यालय	खिमनिधि लोहनी/नुरनिधि पाण्डे	ससुराः धिर निधि पाण्डे
नरनिधी पाण्डे	माडी-०१	९५६	चितवन/२०४३/१०/२५/जिल्ला प्रशासन कार्यालय	धिरनिधि पाण्डे	जीवननिधि

३. **ग्राहकको नामः** आस्था मिट मार्ट, **दर्ता भएको कार्यालयः** घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन, **फर्मको दर्ता नं.:** १२०५/०७५/०७६, **दर्ता मितिः** २०७५/१२/१८, **पान नं.** ६००८७८७६६

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक	जग्गाधनीको नाम	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जा	बाटुली देवी नगरकोटी	चितवन	पार्वतीपुर	०५	१६०६	०-५-०

प्रोप्राईटरको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु/पतिको नाम	ससुराको नाम
विष्णु श्रेष्ठ नगरकोटी	भरतपुर-२१	१४७३/०४४	चितवन/२०५८/०८/२८/जिल्ला प्रशासन कार्यालय	हर्कबहादुर पुन मगर/मानबहादुर श्रेष्ठ नगरकोटी	भिमबहादुर श्रेष्ठ नगरकोटी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	बाबु/पति	ससुरा/बाजे
बाटुली देवी नगरकोटी	भरतपुर-२१	२०९९	चितवन/२०४४/१२/०७/जिल्ला प्रशासन कार्यालय	पतिः भीमबहादुर	ससुराः उजीर श्रेष्ठ
मानबहादुर श्रेष्ठ नगरकोटी	भरतपुर-२१	१२५८/३६७	चितवन/२०५३/०१/१०/जिल्ला प्रशासन कार्यालय	भीमबहादुर श्रेष्ठ नगरकोटी	उजिर श्रेष्ठ
प्रकाश श्रेष्ठ	भरतपुर-२१	३५१२५९/०४४	चितवन/२०५८/०६/२६/जिल्ला प्रशासन कार्यालय	भिमबहादुर नगरकोटी	उजिर श्रेष्ठ

शर्तहरू :

१. धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा ३(तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरूले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३. धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने ब्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटीवापत् त्यसै दिन सम्बन्धित कार्यालयमा सम्पर्क राखि जम्मा भएको हुनुपर्नेछ।
४. लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिनभित्र बाँकी रकम बुझ्काउनुपर्नेछ। बुझ्काउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझ्काउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५. लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६. डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८. लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९. डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाडौं।

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २९ जेठ ०८२

सिस्नेखोला-नागढुंगा सुरुङमार्गबाट आवतजावत गर्ने सवारी साधनबाट उठाइने कर मन्त्रिपरिषद्को पूर्वाधार समितिबाट स्वीकृत

वार्षिक ६० करोड आम्दानी, ३५ करोड खर्च अनुमान



प्रस्तावित टोल ट्याक्स

सुरुङमा मोटरसाइकल, तीनपांग्रे गाडी र पेट्रोलियम पदार्थ ढुवानी गर्ने सवारीसाधनलाई प्रवेश निषेध

सवारीसाधन	भित्रिँदा	बाहिरिँदा
• कार, भ्यान, पिकअप, माइक्रोबस र साना सवारी	७५	५०
• टिपर, मिनिबस र मिनिट्रक	१२५	१००
• बस र ट्रक	२५०	२००
• लरी तथा ठुला सवारी	५००	३००

सञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले भने– टोल ट्याक्स मन्त्रिपरिषद्को आगामी बैठकको एजेन्डा बन्न सक्छ।

नयाँ पत्रिका

मन्त्रिपरिषद्को आर्थिक तथा पूर्वाधार समितिले 'सिस्नेखोला-नागढुंगा' सुरुङमार्गमा प्रवेश गर्ने सवारीसाधनका लागि प्रस्तावित शुल्क (टोल ट्याक्स) स्वीकृत गरेको छ। सोमबार बसेको समिति बैठकले सडक बोर्डबाट प्रस्ताव भएको शुल्क स्वीकृत गरेको हो। सुरुङमार्गबाट वार्षिक ६० करोड आम्दानी र ३५ करोड खर्च हुने अनुमान समितिले गरेको छ।

अब समितिले गरेको स्वीकृतिलाई मन्त्रिपरिषद्ले अनुमोदन गरेपछि लागू हुनेछ। समितिका सदस्यसमेत रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समितिबाट स्वीकृत टोल ट्याक्स मन्त्रिपरिषद्को आगामी बैठकमा एजेन्डा बन्न सक्ने बताए। 'सोमबार पूर्वाधार समितिबाट प्रस्तावित शुल्क स्वीकृत भयो। तर, सोमबारको मन्त्रिपरिषद्को बैठकमा यो एजेन्डाका रूपमा आएन,' सरकारका प्रवक्तासमेत रहेको उनले भने, 'एजेन्डा आएपछि आगामी बैठकमा यसबारे उपयुक्त निर्णय गरिनेछ।'

अहिले निर्माणको अन्तिम चरणमा रहेको नागढुंगा सुरुङमार्ग आगामी पुसबाट सञ्चालनमा ल्याउने लक्ष्य छ। त्यसभन्दा अघि नै यसका लागि आवश्यक नीतिगत व्यवस्था गरिसक्ने लक्ष्य छ। सडक बोर्डका कार्यकारी निर्देशक गणेशबहादुर केसीले बोर्डले प्रस्ताव गरेअनुसार नै नागढुंगा सुरुङमार्गको टोल ट्याक्स आर्थिक तथा पूर्वाधार समितिले स्वीकृत गरेको बताए। मन्त्रिपरिषद्कै समितिले प्रस्तावित शुल्क स्वीकृत गरेकाले मन्त्रिपरिषद्बाट पनि सोहीअनुसार निर्णय हुने विश्वास लिइएको उनले बताए। सुरुङमार्ग हुँदै काठमाडौं भित्रिने र बाहिरिने सवारीसाधनलाई फरक-फरक टोल ट्याक्स तोकिएको छ। सवारीसाधनको प्रकृतिअनुसार फरक दरमा टोल ट्याक्स निर्धारण गरिएको छ।

● नागढुंगा हुँदै आवतजावत गर्नेमध्ये ६० प्रतिशत सवारीसाधनले सुरुङ प्रयोग गर्ने अनुमान

प्रस्तावित दरमा टोल ट्याक्स उठाउँदा सुरुङबाट वार्षिक ६० करोड रुपैयाँसम्म राजस्व संकलन हुने अनुमान गरिएको छ। नागढुंगा नाकाबाट काठमाडौं आवातजावत गर्नेमध्ये ६० प्रतिशत सवारीसाधनले सुरुङमार्ग प्रयोग गरेमा सोबराबरको राजस्व उठ्ने अनुमान गरिएको परियोजनाको सिनियर डिभिजनल इन्जिनियर सञ्जय पन्थीले जानकारी दिए।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले यसअघि २०१५ मा गरेको अध्ययनले नागढुंगाबाट काठमाडौं आवतजावत गर्नेमध्ये ६० प्रतिशत सवारीसाधनले सुरुङमार्ग प्रयोग गर्न सक्ने देखाएको थियो। अहिले उक्त नाकाबाट दैनिक आठ हजार आठ सयहाराहारीमा सवारीसाधन दोहोरो रूपमा आवतजावत गर्छन्। 'वर्तमान समयमा भने नागढुंगा नाकाबाट दैनिक आठ हजार आठ सय सवारीसाधन आउजाउ गर्छन्। त्यसको ६० प्रतिशत गाडीले सुरुङमार्ग प्रयोग गर्ने र त्यसमा प्रस्ताव गरेअनुसार टोल ट्याक्स लगाएमा वर्षमा ६० करोड रुपैयाँहाराहारीमा आम्दानी हुने देखिन्छ,' उनले भने।

● २४ घण्टा सञ्चालन हुने सुरुङमार्गका लागि तीन सिफ्टमा एक सय ५० कर्मचारी परिचालन

सुरुङमार्ग सञ्चालन गर्न वार्षिक ३५ करोड रुपैयाँसम्म चाहिने देखिएको छ। सुरुङमार्ग सञ्चालन सम्बन्धमा सडक विभागले तयार गरेको अध्ययनको प्रारम्भिक प्रतिवेदनले नियन्त्रण कक्ष भवन सञ्चालन तथा कर्मचारी, विद्युत, अक्सिजन, टेलिकम, इन्टरनेटलगायत पूर्वाधार सञ्चालन तथा व्यवस्थापनमा सोबराबरको खर्च चाहिने देखाएको छ।

उक्त सुरुङ २४ घण्टा नै सञ्चालन गरिनेछ। त्यसलाई आठ-आठ घण्टा गरेर तीन सिफ्टमा सञ्चालन गर्न १५० जना कर्मचारी आवश्यक पर्ने देखिएको छ। यसैगरी दुवैतर्फ रहेको नियन्त्रण कक्ष भवनबाट सुरुङ सञ्चालन गर्ने तथा टोल ट्याक्स उठाउनेलगायत प्रशासनिक काम गरिनेछ। यसअनुसार परियोजनाले वार्षिक २५ करोड रुपैयाँसम्म नाफा गर्ने देखिन्छ।

■ उद्योगी र विद्युत् प्राधिकरणबिच डेडिकेटेड फिडर तथा ट्रंकलाइन महसुल विवाद

३.३७ अर्ब बक्यौता रहेका १३ उद्योगले महसुल पुनरावलोकन गर्न दिए निवेदन

बक्यौता भुक्तानीका लागि अटेर गर्दै आएका जगदम्बा स्टिल र रिलायन्स स्पिनिङ मिल्स पनि विवाद समाधानका लागि आए कानुनी प्रक्रियामा, तर प्रशासनिक पुनरावलोकनका लागि तोकिएको जेठ मसान्तसम्मको समय सकिनलाग्दा २१ उद्योगको अझै अटेरी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपयोग गरेर बक्यौता तिर्न बाँकी ४९ उद्योगमध्ये १३ ले विद्युत् प्राधिकरणले तोकेको महसुलमा चित्त नबुझाएर प्रशासनिक पुनरावलोकनका लागि आवेदन दिएका छन्। सरकारका दुई सिमेन्ट उद्योगसहित १५ वटा भने बक्यौता तिर्ने प्रक्रियामा आएका छन् भने केहीले प्राधिकरणको बिलअनुसार बक्यौता भुक्तानीको प्रतिबद्धता जनाएका छन्। तर, २१ उद्योग भने प्राधिकरणको बिलमा त्रुटि भएको तर्क गर्दै प्रशासनिक पुनरावलोकनमा समेत आउन अटेरी गरिरहेका छन्। उद्योगीलाई विद्युत् महसुल बक्यौताको प्रशासनिक पुनरावलोकन गर्ने प्रक्रियामा आउन विद्युत् प्राधिकरणले दिएको म्याद जेठ मसान्तमा सकिँदै छ। तोकिएको म्याद सकिन तीन दिन मात्रै बाँकी छँदा बुधबारसम्म १३ उद्योगले पुनरावलोकनका लागि आवेदन दिएका हुन्।

माघ ०७२ देखि वैशाख ०७५ सम्म डेडिकेटेड फिडर तथा ट्रंकलाइनबाट विद्युत् उपयोग गरेका ४९ उद्योगको सवा आठ अर्ब रुपैयाँ महसुल बक्यौता रहेको प्राधिकरणको तथ्यांक छ। त्यसमध्ये दुई सरकारीसहित १५ उद्योग यसअघि नै बक्यौता तिर्ने प्रक्रियामा गइसकेका छन्। बाँकी २१ उद्योगले भने प्राधिकरणले तोकेको महसुल उचित नभएको दाबी गर्दै विरोध जारी राखेका छन्।

प्राधिकरणले २७ वैशाखमा सार्वजनिक सूचना जारी गर्दै डेडिकेटेड फिडर तथा ट्रंकलाइन विद्युत्को महसुल बक्यौता रहेका उद्योगलाई प्रशासनिक पुनरावलोकनको प्रक्रियामा आउन आह्वान गरेको थियो। त्यसअघि २९ चैतको प्राधिकरण सञ्चालक समितिको बैठकले प्रशासनिक पुनरावलोकन गर्दा राख्नुपर्ने धरौटी २५ प्रतिशतबाट घटाएर ५ प्रतिशत बनाउने निर्णय गरेको थियो। बक्यौता रहेका उद्योगीलाई सहज हुने गरी धरौटी रकमको दर घटाइए पनि बहुमत उद्योगीहरू पुनरावलोकनका लागि आएका छैनन्। सरकारले पुनरावलोकनमार्फत बक्यौता महसुल घटाउने प्रयास गरिरहेको समेत आरोप लागेको छ।





पुनरावलोकनका लागि आवेदन दिएका उद्योग र बक्यौता रकम

उद्योग	बक्यौता
१. जगदम्बा स्टिल	• १ अर्ब ६० करोड १८ लाख
२. रिलायन्स स्पिनिङ मिल्स	• ७५ करोड ३७ लाख
३. त्रिवेणी स्पिनिङ मिल्स	• ३२ करोड १० लाख
४. रघुपति जुल मिल	• ८ करोड ५१ लाख
५. घराना फुड्स	• १ करोड ८८ लाख
६. सिद्धार्थ पेटप्लास्ट	• १ करोड ८३ लाख
७. एसआर फुड्स	• १ करोड ४८ लाख
८. त्रिवेणी सिन्थेटिक यार्न	• ४ करोड ४० लाख
९. अशोक स्टिल –	• १७ करोड ५८ लाख
१०. बाबा जुट मिल	• २ करोड ४९ लाख
११. युनाइटेड सिमेन्ट प्रालि	• ११ करोड ३७ लाख
१२. जगदम्बा सिन्थेटिक	• २० करोड ५० लाख
१३. एभरेस्ट रोलिङ मिल	• १७ लाख



राजन ढकाल, प्रवक्ता
विद्युत् प्राधिकरण

अन्तिम समयसम्म थप आवेदन आउन सक्ने अपेक्षा छ। हालसम्म पुनरावलोकनका लागि धेरै आवेदन आएको भने देखिन्न। हामीले दिएको समय जेठ मसान्तसम्म हो। अझै केही दिन बाँकी छ। नेपालीको अन्तिममा गर्ने बानी पनि छ। अन्तिम समयसम्म यस्तो आवेदन थप बढ्न सक्छ।

महसुल तिर्नुपर्ने सबै उद्योगी पुनरावलोकनमा आउने अपेक्षा

धरौटी २५ प्रतिशतबाट घटाएर ५ प्रतिशत कायम गरेपछि उद्योगीलाई प्रशासनिक पुनरावलोकनमा आउन सहज

प्राधिकरणका प्रवक्ता राजन ढकालले अन्तिम समयसम्म थप आवेदन आउन सक्ने बताए। 'वितरण केन्द्रहरूमा आवेदन आएर प्रधान कार्यालयमा एकीकृत हुन बाँकी छ, यद्यपि, हालसम्म पुनरावलोकनका लागि धेरै आवेदन आएको भने देखिन्न,' उनले भने, 'हामीले दिएको समय जेठ मसान्तसम्म हो। अझै केही दिन बाँकी छ। नेपालीको अन्तिममा गर्ने बानी पनि छ। अन्तिम समयसम्म यस्तो आवेदन थप बढ्न सक्छ।'

भैरहवा वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले उद्योगीहरू यो विषयमा छलफल गर्न आएको अन्तिम समयसम्म थप आवेदन आउने बताए। 'हाम्रो वितरण केन्द्रमा केही आवेदन आइसकेको छ। तर, अधिकांश उद्योगी साथीहरू कति रकम जम्मा गर्नुपर्छ ? प्रक्रिया के छ ? भन्नेलगायतका विषयमा छलफलमा आउनु भएको छ,' उनले भने, 'सायद, तोकिएको म्यादभित्रै उद्योगीले पुनरावलोकनका लागि आवेदन दिन्छन् होला।' वीरगन्ज वितरण केन्द्रका प्रमुख अवधेशकुमार दुवेले पनि थप उद्योगको आवेदन आउन सक्ने बताए। लोडसेडिङका बेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् उपयोग गरेका उद्योगलाई ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लगाएर प्राधिकरणले आठ अर्ब महसुल निर्धारण गरेको छ। यो माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता हो। साउन ०७२ देखि असार ०७७ सम्मको बक्यौता भने जरिवानासहित २३ अर्ब ४४ करोड रुपैयाँ थियो। तर मन्त्रिपरिषद्को ०८१ कात्तिक २५ गतेको निर्णयले लोडसेडिङको बिचको अवधिमा उद्योगले उपयोग गरेको सवा आठ अर्ब तिर्नुपर्ने बिल जारी गरेको छ। यो बक्यौता उठाउने विषयमा प्राधिकरण र उद्योगीबिच पहिलेदेखि नै विवाद छ।

> साउन ०७२ देखि असार ०७७ सम्मको जरिवानासहित बक्यौता २३ अर्ब ४४ करोड रुपैयाँ थियो। सरकारले माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता सवा आठ अर्ब महसुल उठाउन लागेको छ। तर पनि उद्योगी तिर्न आनाकानी गरिरहेका छन्।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०२/२९ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा ओप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा कम्पनी ऐन २०६३, बमोजिम मिति : २०७६/०७/२१ मा दर्ता नं. ७२३९/०५४/०५५ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला, गैडाकोट न.पा. वडा नं. ४ स्थित **ईमान्स लाईफ साईन्सेस प्रा.लि. (सांविक ऋणी नेपुरल फलावर एण्ड हर्वल (प्रा.) लि.)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. चन्द्र बहादुर के.सी.को नाति, ओर बहादुर के.सी. को छोरा, प्युठान जिल्ला, विजयनगर गा.वि.स. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **जी नारायण बहादुर क्षेत्री (के.सी.) (ना.प्र.प.नं. २८८, प्युठान)**

२. चन्द्र मुनी न्यौपानेको नाति, टिकाराम न्यौपानेको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **यश प्रसाद न्यौपाने (ना.प्र.प.नं. ६३/७६७९, काठमाण्डौं)**

३. दुर्गा बहादुर कार्कीको नाति, हरि कुमार कार्कीको छोरा, भोजपुर जिल्ला, भोजपुर गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **उत्तम कार्कि (ना.प्र.प.नं. १००१/३४३९/७५८१, भोजपुर)**

४. हेम राज अधीकारीको नाति, होम प्रसाद अधिकारीको छोरा, काभ्रेपलान्चोक जिल्ला, भुमेडाँडा गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **बिदुर राज अधीकारी (ना.प्र.प.नं. १५७, काभ्रेपलान्चोक)**

५. गरुण ध्वज कुवरको नाति, चिन बहादुर कुवरको छोरा, चितवन जिल्ला, गार्दी गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **विष्णु कुंवर (ना.प्र.प.नं. २३४/७३४, चितवन)**

६. पदम लाल श्रेष्ठको नाति, चन्द्र मान श्रेष्ठको छोरा, लमजुङ्ग जिल्ला, जीता गा.वि.स. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **भक्त मान श्रेष्ठ (ना.प्र.प.नं. २२८८, काठमाण्डौं)**

७. जपीलाल पौडेलको नाति, शशीधर पौडेलको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०, स्थित स्थायी ठेगाना भएको **पदम प्रसाद पौडेल (ना.प्र.प.नं. ३४७, पर्वत)**

८. गंगाराम भण्डारीको नाति, शान्तिराम भण्डारीको छोरा, काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३०, स्थित स्थायी ठेगाना भएको **आशीष भण्डारी (ना.प्र.प.नं. ४२३५/९४५९, काठमाण्डौं)**

९. चन्द्रदत्त सुवेदीको नाति, देवेन्द्र सुवेदीको छोरा, चितवन जिल्ला, सैरहनी गा.वि.स./न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **कृष्ण प्रसाद सुवेदी (ना.प्र.प.नं. ३५३४, चितवन)**

१०. अग्नी ढुंगेलको नाति, आचार्य पुर्ण चन्द्र ढुंगेलको छोरा, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **प्रकाशचन्द्र उपाध्याय (ना.प्र.प.नं. १५३६०/०५८, चितवन)**

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति : २०८२/०२/२९)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं.: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेवसाइट: www.nimb.com.np

